Visit Dwarkadheeshvastu.com For
FREE Vastu Consultancy, Music, Epics, Devotional Videos
Educational Books, Educational Videos, Wallpapers
****
All Music is also available in CD format. CD Cover can also be print with your Firm Name
****
We also provide this whole Music and Data in PENDRIVE and EXTERNAL HARD DISK.
Contact : Ankit Mishra (+91-8010381364, dwarkadheeshvastu@gmail.com)

CHANAKYA NITI

(NEPALI)

श्रीगणेशाय नम:

चाणक्यनीति-दर्पण:

प्रथमोऽध्याय:

प्रणम्य शिरसा विष्णुं त्रैलोक्याधिपतिं प्रभुम्।
नानाशास्त्रोद्धृतं वक्ष्ये राजनीतिसमुच्चयम्।।१।।

तीनै लोकका स्वामी सर्वशक्तिमान् भगवान विष्णुलाई शिरले प्रणाम गरेर अनेक शास्त्रहरूबाट निकालिएको राजनीतिको समुच्चय ग्रन्थलाई भन्दछु।।१।।

अधीत्येदं यथाशास्त्रं नरो जानाति सत्तम:।
धर्मोपदेशविख्यातं कार्याकार्यं शुभाशुभम्।।२।।

जनु मनुष्यले यस नीतिशास्त्रलाई विधिपूर्वक पढेर धर्मशास्त्रहरूले बताएको शिक्षामा प्रसिद्ध कर्तव्याऽकर्तव्य राम्रो कर्म र नराम्रो कर्मलाई जान्दछन् ती धेरै उत्तम छन्।।२।।

तदहं सप्रवक्ष्यामि लोकानां हितकाम्यया।
यस्य विज्ञानमात्रेण सर्वज्ञत्वं प्रपद्यते।।३।।

म लोकको भलाईका इच्छाले यसलाई भन्दछु। जसलाई जान्नाले मात्र अनन्त ज्ञान प्राप्त हुन्छ।।३।।

मूर्खशिष्योपदेशेन दुष्टास्त्रीभरणेन च।
दु:खितै: संप्रयोगेण पण्डितोऽप्यवसीदति।। ४।।

मूर्ख चेलालाई पढाउनाले, दुष्टा स्त्रीलाई पालन गर्नाले र दु:खीहरुका साथ व्यवहार गर्नाले बुद्धिमान् (पण्डित) पनि दु:खी हुन्छ।। ४।।

दुष्टा भार्या शठं मित्रं भृत्यश्चोत्तरदायक:।
ससर्पे च गृहे वासो मृत्युरेव न संशय:।। ५।।

असत्य बोल्ने स्त्री, कपटी मित्र, मुखमुखै लाग्ने नोकर र साँप भएका घरमा बस्नु मर्नु-समान छ, यसमा सन्देह छैन।। ५।।

आपदर्थे धनं रक्षेद्दारान् रक्षेद्धनैरपि।
आत्मानं सततं रक्षेद्दारैरपि धनैरपि।। ६।।

विपत्तिका लागि धन बचाउनुपर्छ, धनले स्त्रीको रक्षा गर्नुपर्छ र स्त्री र धनले सधैं स्वयं जोगिनुपर्छ।। ६।।

आपदर्थे धनं रक्षेच्छ्रीमतश्च किमापद:।
कदाचिच्चलिता लक्ष्मी: संचिताऽपि विनश्यति।। ७।।

विपत्तिका लागि धन जोगाउनु उचित छ, धनवानलाई के आपत्ति छ र ! जब कहिले लक्ष्मी गइन् भने जम्मा गरी राखेको धन पनि नष्ट हुन्छ।। ७।।

यस्मिन् देशे न सम्मानो न वृत्तिर्न च बान्धव:।
न च विद्यागमोऽप्यस्ति वासस्तत्र न कारयेत्।। ८।।

जुन देशमा आफ्नो सम्मान, जीविका, परिवार (बन्धु) र विद्या लाभ केही छैन, त्यस देशमा निवास गर्नु उचित छैन।। ८।।

धनिकः श्रोत्रियो राजा नदी वैद्यस्तु पञ्चमः।
पञ्च यत्र न विद्यन्ते न तत्र दिवसं वसेत्।। ९।।

धनवान्, वेद जान्ने ब्राह्मण, राजा, नदी तथा वैद्य जहाँ यी पाँच छैनन त्यहाँ एक दिन पनि नबस्नु।। ९।।

लोकयात्रा भयं लज्जा दाक्षिण्यं त्यागशीलता।
पञ्च यत्र न विद्यन्ते न कुर्यात्तत्र सङ्गतिम्।। १०।।

जीविका, डर, लाज, कुशलता, दान गर्ने प्रवृत्ति यी पाँच जहाँ छैनन त्यहाँका मानिसको साथ कदापि नगर्नू।। १०।।

जानीयात् प्रेषणे भृत्यान् बान्धवान् व्यसनागमे।
मित्रं चापत्तिकाले तु भार्यां च विभवक्षये।। ११।।

नोकरहरूलाई घर पठाउँदा, कुटुम्बहरूलाई संकट आउँदा, मित्रहरूलाई विपत्तिका समयमा र स्त्रीलाई धन नाश हुँदा चिन्नू।। ११।।

आतुरे व्यसने प्राप्ते दुर्भिक्षे शत्रुसङ्कटे।
राजद्वारे श्मशाने च यः तिष्ठति स बान्धवः।। १२।।

बिमारी हुँदा, दुःख पर्दा, अनिकाल पर्दा, शत्रुको भय हुँदा, राजाको नजीक र मसान घाटमा जो साथ रहन्छ त्यो बन्धु हो।। १२।।

यो ध्रुवाणि परित्यज्य अध्रुवं परिषेवते।
ध्रुवाणि तस्य नश्यन्ति अध्रुवं नष्टमेव हि।। १३।।

जसले निश्चित वस्तुहरूलाई छोडेर अनिश्चित वस्तुहरूको साधना गर्दछ, त्यसका निश्चित वस्तुहरू पनि नष्ट हुन्छन्, अनिश्चित वस्तुहरूको ता विनाश छ नै।। १३।।

वरयेत् कुलजां प्राज्ञो विरूपामपि कन्यकाम् ।
रूपशीलां न नीचस्य विवाह: सदृशे कुले ।। १४ ।।

बुधिमान्ले राम्रा कुलमा जन्मिएकी कुरूपा कन्यासँग पनि विवाह गर्नू, नीच कुलकी रूप र शील भए तापनि विवाह गर्नु हुँदैन, यसकारण विवाह समान कुलमा योग्य छ ।। १४ ।।

नदीनांच नखीनाञ्च श्रृङ्गीणां शस्त्रपाणिनाम् ।
विश्वासो नैव कर्तव्य: स्त्रीषु राजकुलेषु च ।। १५ ।।

नदीहरूको, शस्त्रधारीहरूको, नङ्ग्रा र सिंग भएकाको, स्त्रीहरूको र राजकुलको कहिल्यै विश्वास नगर्नू ।। १५ ।।

विषादप्यमृतं ग्राह्यममेध्यादपि काञ्चनम् ।
विषादप्युत्तमां विद्यां स्त्रीरत्नं दुष्कुलादपि ।। १६ ।।

विषबाट पनि सुधालाई, अपवित्र वस्तुहरूबाट पनि सुनलाई, नीच मनुष्यहरूबाट पनि उत्तम विद्यालाई, दुष्ट कुलबाट पनि रत्नरूपी स्त्रीलाई लिनुपर्छ ।। १६ ।।

आहारो द्विगुण: स्त्रीणां लज्जा चापि चतुर्गुणा ।
साहस: षड्गुणश्चैव कामश्चाष्टगुण: स्मृत: ।। १७ ।।

स्त्रीहरूको भोजन दुई गुना, लज्जा चार गुना, साहस छ: गुना र काम आठ गुना बढ़ी हुन्छ ।। १७ ।।

इति प्रथमोऽध्याय: ।। १ ।।

अथ द्वितीयोऽध्यायः

अनृतं साहसं माया मूर्खत्वमतिलोभिता।
अशौचत्वं निर्दयत्वं स्त्रीणां दोषाः स्वभावजाः ।।१।।

असत्य बोल्नु, उत्ताउलो हुनु, कपटी हुनु, मूर्खता, अत्यन्त, लोभ, अपवित्र र निर्दयता स्त्रीहरूका स्वाभाविक दोष हुन् ।।१।।

भोज्यं भोजनशक्तिश्च रतिशक्तिर्वराङ्गना।
विभवे दानशक्तिश्च नाल्पस्य तपसः फलम् ।।२।।

खान योग्य वस्तु भोजन गर्नसक्नु, रति गर्न सक्नु र सुन्दर स्त्री, ऐश्वर्य र दान गर्न सक्नु यी थोरै तपका फल होइनन् ।।२।।

यस्य पुत्रो वशीभूता भार्या छन्दानुगामिनी।
विभवे यश्च सन्तुष्टस्तस्य स्वर्गं इहैव हि ।।३।।

जसको पुत्र आज्ञाकारी छ र स्त्री इच्छा अनुसार चल्दछे तथा जसले ऐश्वर्यमा सन्तोष गर्दछ त्यसलाई स्वर्ग यहीं नै छ।।३।।

पुत्रास्ते ये पितुर्भक्ताः सः पिता यस्तु पोषकः।
तन्मित्रं यत्र विश्वासः सा भार्या यत्र निर्वृतिः ।।४।।

पुत्र तिनै हुन् जो पितृभक्त छन्, पिता त्यही हो जसले पालन गर्दछ, त्यही मित्र हो, जसको विश्वास छ र त्यही स्त्रीं हो जसमा सुख छ।।४।।

परोक्षे कार्यहन्तारं प्रत्यक्षे प्रियवादिनम्।
वर्जयत्तादृशं मित्रं विषकुम्भं पयोमुखम्।।५।।

पछाड़ि हुँदा काम बिगार्ने र सम्मुख हुँदा राम्रा राम्रा कुरा गर्नेवाला यस्तो मित्रलाई मित्र विषले भरिएको मुखमा दूध अडिएको घड़ालाई झैं छोड़िदिनुपर्छ।।५।।

न विश्वसेत् कुमित्रे च मित्रे चापि न विश्वसेत्।
कदाचित्कुपितं मित्रं सर्वं गुह्यं प्रकाशयेत्।।६।।

कुमित्रमा विश्वास नगर्नू र मित्रमा पनि विश्वास गर्नु उचित छैन, किनकि कदाचित् मित्र क्रोधित भएमा सबै भेद प्रकट गरिदेओस्।।६।।

मनसा चिन्तितं कार्यं वाचा नैव प्रकाशयेत्।
मन्त्रवद्रक्षयेद् गूढं कार्य्ये चापि नियोजयेत्।।७।।

मनले सोचेको कार्यलाई वचनले प्रकट नगर्नू, मन्त्रको समान त्यसको रक्षा गर्नू र गुप्त नै काम पनि गर्नू।।७।।

कष्टं च खलु मूर्खत्वं कष्टं च खलु यौवनम्।
कष्टात्कष्टतरं चैव परगेहनिवासनम्।।८।।

मूर्खताले निश्चय नै दुःख दिन्छ र यौवन (जवानी) ले पनि दुःख दिन्छ परन्तु अर्काको घरमा बस्नुभन्दा अरु दुःखदायी केही हुँदैन।।८।।

शैले शैले न माणिक्यं मौक्तिक्यं न गजे गजे।
साधवो न हि सर्वत्र चन्दनं न वने वने।।९।।

सबै पर्वतहरूमा माणिक्य हुँदैन र मोती सबै हात्तीहरूमा पाइँदैन, साधुहरु सबै ठाउँमा मिल्दैनन् र सबै वनमा चन्दन पनि हुँदैन।।९।।

पुत्राश्च विविधैः शीलैर्नियोज्याः सततं बुधैः।
नीतिज्ञाः शीलसम्पन्ना भवन्ति कुलपूजिताः।।१०।।

बुद्धिमान्हरूले पुत्रहरूलाई अनेक तरहका सुशीलतामा लगाउनु किनकि नितिलाई जान्नेवाला यदि शीलवान् भएदेखि कुलमा पूजित हुन्छन् ।। १० ।।

माता रिपुः पिता शत्रुर्बालो याभ्यां न पाठ्यते ।
न शोभते सभामध्ये हंसमध्ये वको यथा ।। ११ ।।

तिनकी माता शत्रु हुन् र पिता दुश्मन हुन् जसले आफ्ना बालकलाई पढ़ाउँदैनन्, यसकारण यी सभाका बीचमा शोभा पाउँदैनन् जस्तै हाँसहरूका बीचमा बकुल्लो ।। ११ ।।

लालनाद् बहवो दोषास्ताडनाद् बहवो गुणाः ।
तस्मात्पुत्रञ्च शिष्यञ्च ताडयेन्न तु लालयेत् ।। १२ ।।

प्यारो गर्नाले धेरै दोष छन् र पिट्नाले धेरै गुण छन्, यसकारण पुत्र र शिष्यलाई दण्ड दिनु उचित छ, प्यारो गर्नु उचित छैन ।। १२ ।।

श्लोकेन वा तदर्द्धेन तदर्द्धार्द्धाक्षरेण वा ।
अवन्ध्यं दिवसं कुर्याद्दानाध्ययनकर्मभिः ।। १३ ।।

एक श्लोक अथवा आधा श्लोक अथवा आधा श्लोकको आधा भए पनि प्रतिदिन पढ्नु उचित छ, यस प्रकार दान, विद्याध्ययन आदि कर्महरूले दिन बिताउनुपर्छ ।। १३ ।।

कान्तावियोगः स्वजनापमान
ऋणस्यशेषः कुनृपस्यसेवा ।
दरिद्र भावोविषमासभा च
विनाग्निनैते प्रदहन्तिकायम् ।। १४ ।।

स्त्रीवियोग, आफ्ना कुटुम्बद्वारा अनादर, दुष्ट राजाको सेवा, ॠणको शेष, दरिद्रता र मूर्खहरूको सभा बिना अग्निले नै शरीरलाई जलाउँदछन् ।। १४ ।।

नदीतीरे च ये वृक्षाः, परगेहेषु कामिनी।
मन्त्रीहीनाश्च राजानः शीघ्रं नश्यन्त्यसंशयम् ।। १५ ।।

नदीका किनारको वृक्ष, अर्काका घर जाने स्त्री, मंत्रीबिनाको राजा, निश्चय छ कि शीघ्र नष्ट हुन्छन् ।। १५ ।।

बलं विद्या च विप्राणां राज्ञां सैन्यबलं तथा।
बलं वित्तं च वैश्यानां शूद्राणां शिल्पकारिता ।। १६ ।।

ब्राह्मणहरूको बल विद्या हो, त्यस्तै नै राजाहरूको बल सेना हो, वैश्यहरूको बल धन हो र शूद्रहरूको बल कालीगड़ी हो ।। १६ ।।

निर्धनं पुरुषं वेश्या प्रजा भग्नं नृपं त्यजेत्।
खगा वीतफलं वृक्षं भुक्त्वा चाभ्यागतो गृहम् ।। १७ ।।

वेश्याले धनहीन मनुष्यलाई, रैतीले पराजित राजालाई, फलरहित वृक्षलाई पक्षीले र भोजन गरिसकेपछि पाहुनाले घरको त्याग गर्दछन् ।। १७ ।।

गृहीत्वा दक्षिणां विप्रास्त्यजन्ति यजमानकम्।
प्राप्तविद्या गुरुं शिष्या दग्धारण्यं मृगास्तथा ।। १८ ।।

ब्राह्मणले दक्षिणा पाएपछि यजमानलाई, शिष्यले विद्या प्राप्त गरेपछि गुरुलाई र डढेलो लागेको वनलाई मृगहरूले त्यागिदिन्छन् ।। १८ ।।

दुराचारी दुरादृष्टिः दुरावासी च दुर्जनः।
यन्मैत्री क्रियते पुंसां स तु शीघ्रं विनश्यति।। १९।।

जसको आचरण खराब छ, जसको दृष्टि पापमा रहँदछ, जो नराम्रो स्थानमा बस्नेवाला र जो दुर्जन छ, यिनीहरुसँग मित्रता जो गर्दछन् ती चाँडै नै नष्ट हुन्छन्।। १९।।

समाने शोभते प्रीतिः राज्ञि सेवा च शोभते।
वाणिज्यं व्यवहारेषु स्त्री दिव्या शोभते गृहे।। २०।।

बराबरीवालाहरुमा प्रीति शोभा दिन्छ र नोकरी राजाको शोभा दिन्छ, व्यवहारमा बनियाँ र घरमा सुन्दर स्त्रीले सोभा दिन्छे।। २०।।

इति द्वितीयोऽध्यायः।। २।।

* * *

अथ तृतीयोऽध्याय:

कस्य दोष: कुले नास्ति व्याधिना के न पीडिता:।
व्यसनं केन प्राप्तं न कस्य सौख्यं निरन्तरम्।। १।।

कसका कुलमा दोष छैन र रोगले कसलाई पीड़ित गरेन, कसले दुःख पाएन र कसलाई बराबर सुख मात्र छ।। १।।

आचार: कुलमाख्याति देशमाख्याति भाषणम्।
सम्भ्रम: स्नेहमाख्याति वपुराख्याति भोजनम्।। २।।

आचारले कुललाई बताउँछ र बोलीले देशलाई बताउँछ, आदरले प्रीतिलाई बताउरँछ र शरीरले नै भोजन जानिन्छ।। २।।

सत्कुले योजयेत्कन्यां पुत्रं विद्यासु योजयेत्।
व्यसने योजयेच्छत्रुं मित्रं धर्मेण योजयेत्।। ३।।

कन्या श्रेष्ठ कुललाई दिनु उचित छ, पुत्रलाई विद्या पढ़ाउनु उचित छ, शत्रुलाई दुःख दिनु उचित छ र मित्रलाई धर्मको उपदेश दिनु उचित छ।। ३।।

दुर्जनस्य च सर्पस्य वरं सर्पो न दुर्जन:।
सर्पो दंशति काले तु दुर्जनस्तु पदे पदे।। ४।।

दुर्जन र सर्प विनमा सर्प नै बेस हो, दुर्जन हैन, यसकारण कि सर्पले बेला बखतमा मात्र डस्छ, तर दुर्जनले पाइला-पाइलामा दुःख दिन्छ।। ४।।

एतदर्थं कुलीनानां नृपा: कुर्वन्ति संग्रहम्।
आदिमध्याऽवसानेषु न त्यजन्ति च ते नृपम्।। ५।।

राजाहरूले कुलीनहरूको संग्रह यस निमित्त गर्दछन् कि, ती आदि अर्थात् उन्नति, मध्य अर्थात् साधारण र अन्त अर्थात् विपत्तिमा पनि राजालाई छोड्दैनन् ।।५।।

प्रलये भिन्नमर्यादा भवन्ति किल सागराः ।
सागरा भेदमिच्छन्ति प्रलयेऽपि न साधवः ।।६।।

समुद्रले प्रलयका समयमा आफ्नो मर्यादा छोड्दछन्, र सागरले भेदको इच्छा राख्दछन् परन्तु साधुहरूले प्रलय हुँदा पनि आफ्नू मर्यादालाई छोड्दैनन् ।।६।।

मूर्खस्तु परिहर्तव्यः प्रत्यक्षो द्विपदः पशुः ।
भिद्यते वाक्यशल्येन निर्दृशां कण्टका यथा ।।७।।

मूर्खलाई टाढ़ा गर्नु उचित छ यसकारण कि देख्नमा नै त्यो मनुष्य हो. यथार्थमा हेर्दा त्यो दुइखुट्टे पशु हो र वाक्यरूपी काँढ़ाले छेड्दछ, जस्तै अन्धालाई काँढ़ाले ।।७।।

रूपयौवनसम्पन्नाः विशालकुलसम्भवाः ।
विद्याहीना न शोभन्ते निर्गन्धा इव किंशुकाः ।।८।।

सुन्दरता, तरुणता र ठूला कुलमा जन्म भए पनि विद्याहीन पुरुष गन्ध नभएको पलाशको फूलको समान शोभा दिदैंन ।।८।।

कोकिलानां स्वरो रूपं स्त्रीणां रूपं पतिव्रतम् ।
विद्यारूपं कुरूपाणां क्षमारूपं तपस्विनाम् ।।९।।

कोइलीको शोभा स्वर हो; स्त्रीहरूको शोभा पतिव्रत्य हो, कुरूपहरूको शोभा विद्या हो र तपस्वीहरूको शोभा क्षमा हो ।।९।।

त्यजेदेकं कुलस्यार्थे ग्रामस्यार्थे कुलं त्यजेत्।
ग्रामं जनपदस्यार्थे आत्मार्थे पृथिवीं त्यजेत।। १०।।

कुलका लागि एउटालाई छोड़िदिनु, गाउँका लागि कुलको त्याग उचित छ, देशका लागि गाउँलाई र आफ्नू लागि पृथ्वीलाई अर्थात् सबैको त्याग गरिदिनु उचित छ।। १०।।

उद्योगे नास्ति दारिद्रयं जपतो नास्ति पातकम्।
मौने च कलहो नास्ति नास्ति जागरितो भयम्।। ११।।

उद्योग गरेमा दरिद्रता रहँदैन, जप गरिरहनेलाई पाप हुँदैन, नबोली रहेदेखि झगड़ा हुँदैन, नसुती रहे भय डर हुँदैन।। ११।।

अतिरूपेण वै सीता अतिगर्वेण रावणः।
अतिदानाद् बलिर्बद्धो ह्यति सर्वत्र वर्जयेत्।। १२।।

अति सुन्दरी हुनाले सीता हरिइनु, धेरै गर्व (घमण्ड) गर्नाले रावण मारियो, अति दान गर्नाले बलिलाई बाँधिनु पर्‍यो यसकारण अतिलाई सबै स्थानमा छोड़िदिनु उचित छ।। १२।।

कोऽतिभारः समर्थानां किं दूरं व्यवसायिनाम्।
को विदेशः सुविद्यानां कोऽप्रियः वियवादिनाम्।। १३।।

समर्थलाई कुन वस्तु भारी (गह्रौं) छ, काममा तत्पर रहनेलाई के टाढ़ा छ, सुन्दर विद्या भएकालाई कुन विदेश हो र प्रिय बोल्नेहरूलाई अप्रिय को छ?।। १३।।

एकेनाऽपि सुवृक्षेण पुष्पितेन सुगन्धिना।
वासितं स्याद्वनं सर्वं सुपुत्रेण कुलं यथा।। १४।।

एउटा मात्र पनि राम्रो वृक्षबाट जसमा सुन्दर फूल र गन्ध छ, त्यसले पूरा वन सुवासित हुन्छ, जस्तै सुपुत्रले कुल।। १४।।

एकेन शुष्कवृक्षेण दह्यमानेन वन्हिना।
दह्यते तद्वनं सर्वं कुपुत्रेण कुलं यथा।। १५।।

एउटा सुकेको वृक्ष आगाले दन्किनाले त्यो वन त्यस्तै जल्दछ, जस्तै कुपुत्रले कुल।। १५।।

एकेनाऽपि सुपुत्रेण विद्यायुक्तेन साधुना।
आह्लादितं कुलं सर्वं यथा चन्द्रेण शर्वरी।। १६।।

विद्यायुक्त एउटा मात्र सुपुत्रले सबै कुल यसरी आनन्दित हुन्छ, जस्तै चन्द्रमाले रात्रि।। १६।।

किं जातैर्बहुभिः पुत्रैः शोकसन्तापकारकैः।
वरमेकः कुलालम्बी यत्र विश्राम्यते कुलम्।। १७।।

शोक सन्ताप उत्पन्न गर्ने धेरै पुत्र भएर के गर्ने ? विश्राम दिनेवाला एउटै पुत्र श्रेष्ठ छ, जसद्वारा कुलले विश्राम पाउँछ।। १७।।

लालयेत् पञ्चवर्षाणि दशवर्षाणि ताडयेत्।
प्राप्ते तु षोड़शे वर्षे पुत्रं मित्रसमाचरेत्।। १८।।

पुत्रलाई पाँच वर्षसम्म पुल्पुल्याउनु, त्यसपछि दश वर्षसम्म पीटपाट पार्नु र सोह्र वर्षको भएपछि पुत्रसँग मित्र समान व्यवहार गर्नू।। १८।।

उपसर्गेऽन्यचक्रे च दुर्भिक्षे च भयावहे।
असाधुजनसंसर्गे यः पलायति जीवति।। १९।।

उपद्रो भएगा, शत्रुले आक्रमण गरेमा, डरलाग्दो अनिकाल परेमा र दुष्ट मनुष्यको संगत हुँदा जो भाग्दछ त्यही मनुष्य जीवित रहन्छ।। १९।।

धर्मार्थकाममोक्षेषु यस्यैकोऽपि न विद्यते।
जन्मजन्मनि मर्त्येषु मरणं तस्य केवलम्।। २०।।

धर्म, अर्थ, काम, मोक्ष यसमा जसले कुनै एक पनि प्राप्त गरेन त्यस मनुष्यको जन्म हुनुको फल मरण मात्र भयो।। २०।।

मूर्खाः यत्र न पूज्यन्ते धान्यं यत्र सुसञ्चितम्।
दाम्पत्ये कलहो नास्ति तत्र श्रीः स्वयमागता।। २१ ।।

जहाँ मूर्खको पूजा हुँदैन, जहाँ अन्न सञ्चित रहन्छ र जहाँ स्त्री पुरुषको झगड़ा हुँदैन, त्यहाँ लक्ष्मी स्वयं आएर निवास गर्दछिन्।। २१ ।।

इति तृतीयोऽध्यायः।। ३।।

* * *

अथ चतुर्थोऽध्याय:

आयु: कर्म च वित्तं च विद्यां निधनमेव च।
पञ्चैतानि हि सृज्यन्ते गर्भस्थस्यैव देहिन: ।। १ ।।

यो निश्चय छ कि आयु, बल, कर्म, धन, विद्या र मरण यी पाँचै चीज जब जीव गर्भमा नै रहन्छ त्यतिखेरनै लेखिदिएको हुन्छ।।१।।

साधुभ्यस्ते निवर्तन्ते पुत्रा मित्राणि बान्धवा: ।
ये च तै: सह गन्तारस्तद्धर्मात्सुकृतं कुलम् ।। २ ।।

पुत्र, मित्र, बन्धु यी साधु सज्जनहरुदेखि निवृत्त हुन्छन् र जसले तिनको सेवन गर्छ, उसका पुण्यले उसका कुल सुकृत हुन्दछन्।।२।।

दर्शनध्यानसंस्पर्शैर्मत्सी कूर्मी च पक्षिणी।
शिशुं पालयते नित्यं तथा सज्जनसङ्गति: ।। ३ ।।

माछो, कछुवा र पक्षी यी दर्शन, ध्यान र स्पर्शले जस्तै केटाकेटीहरुलाई सधैंभरि पाल्दछन्, त्यस्तै नै सज्जनहरुको संगति छ ।।३।।

यावत्स्वस्थो ह्ययं देहो यावन्मृत्युश्च दूरत: ।
तावदात्महितं कुर्यात्प्राणान्ते किं करिष्यति।। ४ ।।

जबसम्म यो शरीर निरोग छ र जैलेसम्म मृत्यु टाढ़ा छ त्यति बेरसम्म पुण्य आदि गर्नु उचित छ, प्राणको अन्त्य भएपछि कसले के गर्छ ?।।४।।

कामधेनुगुणा विद्या ह्यकाले फलदायिनी।
प्रवासे मातृसदृशी विद्या गुप्तधनं स्मृतम् ।। ५ ।।

विद्यामा कामधेनुको समान गुण छ, यसकारण अकालमा फल दिन्छ, विदेशमा माता समान छ, त्यसैले विद्यालाई गुप्त धन भनिएको छ ।। ५ ।।

एकोऽपि गुणवान्पुत्रो निर्गुणेश्च शतैर्वरः।
एकश्चन्द्रस्तमो हन्ति न च तारा: सहस्रशः ।। ६ ।।

एउटा मात्र गुणी पुत्र श्रेष्ठ छ. सयकड़ौं गुणरहितले के हुन्छ जस्तै एउटै चन्द्रमाले अन्धकारलाई नष्टं पार्दछ, सहस्र ताराले होइन ।। ६ ।।

मूर्खश्चिरायुर्जातोऽपि तस्माज्जातमृतो वरः।
मृतस्तु चाल्पदुःखाय यावज्जीवं जड़ी दहेत् ।। ७ ।।

मूर्ख जातक चिरंजीवी हुनुभन्दा उत्पन्न हुनासाथ जो मरिगयो त्यो श्रेष्ठ छ. यसको कारण यो हो कि मरेको थोरै दुःखको कारण छ, मूर्ख जबसम्म जिउँदो रहन्छ तबसम्म जलाइरहन्छ ।। ७ ।।

कुग्रामवासः कुलहीनसेवा कुभोजनं क्रोधमुखी च भार्या।
पुत्रश्चमूर्खोविधवा च कन्याविनाऽग्निनाषट्दहतेशरीरम् ।। ८ ।।

नराम्रो गाउँको बास, नीच कुलको सेवा, कुभोजन, झगडा गर्ने स्त्री, मूर्ख पुत्र, विधवा छोरी, यी छःले विना अग्निले नै शरीरलाई जलाउँछन् ।। ८ ।।

किं तया क्रियते धेन्वा या न दोग्धी न गर्भिणी।
कोऽर्थः पुत्रेण जातेन यो न विद्वान् न भक्तिमान् ।। ९ ।।

त्यस गाईबाट के लाभ जसले न दूध दिन्छ न गर्भिणी हुन्छ र यस्तो पुत्र भएर के लाभ जो न विद्वान् भयो न भक्त भयो।। ९।।

संसारतापदग्धानां त्रयो विश्रान्तिहेतवः।

अपत्यञ्च कलत्रञ्च सतां संगतिरेव च।। १०।।

संसारका तापले जलिरहेका पुरुषहरूको विश्रामको हेतु तीन छन् - पुत्र, स्त्री र सज्जनहरूको संगति।। १०।।

सकृज्जल्पन्ति राजानः सकृज्जल्पन्ति पण्डिताः।

सकृत्कन्याः प्रदीयन्ते त्रीण्येतानि सकृत्सकृत्।। ११।।

राजाहरूले एकपल्ट मात्र आज्ञा दिन्छन्, विद्वानहरु एकपल्ट मात्र बोल्दछन्। कन्याको दान एकपल्ट मात्र हुन्छ, यी तीनै कुरा एकपल्ट मात्र हुन्छन्।। ११।।

एकाकिना तपो द्वाभ्यां पठनं गायनं त्रिभिः।

चतुर्भिर्गमनं, क्षेत्रं पञ्चभिर्बहुभिः रणम्।। १२।।

एक्लै तप गर्नू, दुई मिलेर पढ्नू, तीन मिली गाना गाउन, चारजना मिलेर बाटो हिंड्नू, पाँच मिलेर खेती गर्नू, र धेरैले युद्ध राम्रोसँग हुन्छ।। १२।।

सा भार्या या शुचिर्दक्षा सा भार्या या पतिव्रता।

सा भार्या या पतिप्रीता सा भार्या सत्यवादिना।। १३।।

त्यही पत्नी हो जो पवित्र चतुर छ, त्यही स्त्री हो जो पतिव्रता छ। त्यही पत्नी हो जसमा पतिको प्रीति छ, त्यही भार्या हो जो साँचो बोल्दछे, अर्थात् दान, मान, पालन, पोषणका योग्य छ।। १३।।

अपुत्रस्य गृहं शून्यं दिश: शून्यास्त्वबान्धवा: ।
मूर्खस्य हृदयं शून्यं सर्वशून्यं दरिद्रता ।। १४ ।।

अपुत्रको घर शून्य हुन्छ र बन्धु नहुनेको दिशा शून्य हुन्छ, मूर्खको हृदय शून्य हुन्छ, सबैभन्दा शून्य दरिद्रता हो ।। १४ ।।

अनभ्यासे विषं शास्त्रमजीर्णे भोजनं विषम् ।
दरिद्रस्य विषं गोष्ठी वृद्धस्य तरुणी विषम् ।। १५ ।।

बिना अभ्यासले विद्या विष हुन्छ, अजीर्णमा भोजन विष हुन्छ, दरिद्रहरूको सभा विष हुन्छ, र वृद्धहरूलाई युवती विषजत्तिकै हुन्छे ।। १५ ।।

त्यजेद्धर्मं दयाहीनं विद्याहीनं गुरुं त्यजेत् ।
त्यजेत्क्रोधमुखींभार्या नि:स्नेहान्बान्धवांस्त्यजेत् ।। १६ ।।

दयारहित धर्मलाई छाड़िदिनु उचित छ, विद्याहीन गुरुलाई त्याग गर्नु उचित छ, जसका मुखबाट क्रोध प्रकट हुन्छ यस्ती स्त्रीलाई अलग गर्नु उचित छ र प्रीति नभएका बन्धुहरूको त्याग गर्नु उचित छ ।। १६ ।।

अध्वा जरा मनुष्याणां वाजिनां बन्धनं जरा ।
अमैथुनं जरा स्त्रीणां वस्त्राणामातपो जरा ।। १७ ।।

मनुष्यलाई बाटो बुढ़ौती हो, घोड़ालाई बाँधिराख्नु बुढ्याइँ हो, स्त्रीहरूलाई अमैथुन बुढ़ापा हो र कपड़ालाई घाम वृद्धता हो ।। १७ ।।

क: काल: कानि मित्राणि को देश: कौ व्ययागमौ ।
कस्याऽहं का च मे शक्तिरिति चिन्त्यं मुहुर्मुहु: ।। १८ ।।

कुन कालमा के गर्नुपर्छ, मित्र कुन हो, देश कुन हो, लाभ हानि के हो, कसको म हुँ, ममा के शक्ति छ, यी, सबै विचार गर्नु योग्य छन् ।। १८ ।।

अग्निर्देवो द्विजातीनां मुनीनां हृदि दैवतम्।
प्रतिमा स्वल्पबुद्धिनां सर्वत्र समदर्शिनाम्।। १९।।

ब्राह्मण, क्षत्रिय, वैश्य यिनका देवता अग्नि हुन्, मुनिहरूका हृदयमा देवता बस्तछन्, अल्पबुद्धि भएकालाई मूर्तिहरूमा र समदर्शीहरूलाई सबै स्थानमा देवता बस्तछन् ।। १९।।

इति चतुर्थोऽध्यायः ।। ४।।

***

अथ पञ्चमोऽध्यायः

पतिरेव गुरुः स्त्रीणां सर्वस्याऽभ्यागतो गुरुः ।
गुरुरग्निर्द्विजातीनां वर्णानां ब्राह्मणो गुरुः ।। १ ।।

स्त्रीहरूका गुरु पति हुनु, अभ्यागत सबैका गुरु हुनु, ब्राह्मण, क्षत्रिय, वैश्य यिनीहरूका गुरु अग्नि हुन् र चारै वर्णका गुरु ब्राह्मण हुन् ।। १ ।।

यथा चतुर्भिः कनकंपरीक्ष्यते
निघर्षणच्छेदनतोपताड़नै ।
तथा चतुर्भिः पुरुषः परीक्ष्यते
त्यागेनशीलेनगुणेनकर्मणा ।। २ ।।

घोट्नु, काट्नु तताउनु, पिटनु यी चार प्रकारले जस्तै सुवर्णको परीक्षा गरिन्छ त्यस्तै नै दान, शील, गुण र आचार यी चार प्रकारले पुरुषको पनि परीक्षा गरिन्छ ।। २ ।।

तावद्भयेन भेतव्यं यावद् भयमनागतम् ।
आगतं तु भयं दृष्ट्वा प्रहर्तव्यमशङ्कया ।। ३ ।।

भयदेखि तबसम्म डराउनुपर्छ जबसम्म भय आउँदैन र आएको भय देखिकन प्रहार गर्नु उचित छ ।। ३ ।।

एकोदरसमुद्भूता एकनक्षत्रजातकाः ।
न भवन्ति समाः शीलैर्यथा बदरिकण्टकाः ।। ४ ।।

एउटै गर्भबाट उत्पन्न र एउटै नक्षत्रमा उत्पन्न भएकामा पनि शीलमा समानता हुँदैन, जस्तै बयरका काँढ़ा ।। ४ ।।

निःस्पृहो नाधिकारी स्यान्नाकामी मण्डनप्रियः।
नाविदग्धः प्रियं ब्रूयात् स्पष्टवक्ता न वञ्चकः।।५।।

जसलाई कुनै विषयमा रुचि (इच्छा) छैन त्यो कुनै विषयको अधिकार लिंदैन, जो कामी छैन त्यो शरीरको शोभा गर्ने वस्तुहरुमा प्रीति राख्दैन र जो चतुरो छैन त्यो प्रिय बोली बोल्न सक्तैन र जसले स्पष्ट बोल्दछ त्यो छली हुँदैन।।५।।

मूर्खाणां पंडिता द्वेष्या अधनानां महाधनाः।
दुर्भगाणां च सुभगाः कुलटानां कुलाङ्गनाः।।६।।

मूर्ख विद्वानहरुदेखि, दरिद्र धनीहरुदेखि, व्यभिचारिणी कुलका स्त्रीहरुदेखि र विधवा सौभ्याग्यवतीदेखि द्वेष मान्दछन्।।६।।

आलस्योपहता विद्या परहस्तगतं धनम्।
अल्पबीजं हतं क्षेत्रं हतं सैन्यमनायकम्।।७।।

आलस्य गर्नाले विद्या, अर्काको हातमा जानाले धन, बीजको कमीले खेत, सेनापतिविनाका सेना नष्ट हुन्छन्।।७।।

अभ्यासाद्धार्यते विद्या कुलं शीलेन धार्यते।
गुणेन ज्ञायते त्वार्थः कोपो नेत्रेण गम्यते।।८।।

अभ्यास गरिरहनाले विद्या, सुशीलताले कुल, गुणले भलो र आँखाले कोपको ज्ञान हुन्छ।।८।।

वित्तेन रक्ष्यते धर्मो विद्या योगेन रक्ष्यते।
मृदुना रक्ष्यते भूपः सत्स्त्रिया रक्ष्यते गृहम्।।९।।

धनले धर्मको रक्षा गर्नु, यम नियम आदि योगले विद्याको रक्षा गर्नु, मृदुलताले राजा र सुशील स्त्रीले घरको रक्षा हुन्छ।। ९ ।।

अन्यथा वेदपांडित्यं शास्त्रमाचारमन्यथा।
अन्यथा वादनाच्छान्तं लोका: क्लिश्यन्ति चान्यथा।। १० ।।

वेदका विद्वान्लाई बेकार भन्नेवाला, शास्त्र र आचारका विषय व्यर्थ मान्नेवाला, शान्त पुरुषलाई ग्वाँगे भन्ने यी जन व्यर्थमा क्लेश मात्र उठाउँदछन् ।। १० ।।

दारिद्रयनाशनं दानं शीलं दुर्गतिनाशनम्।
अज्ञाननाशिनी प्रज्ञा भावना भयनाशिनी।। ११ ।।

दारिद्रय नाश गर्नको लागि दान, दुर्गति नाश गर्नको लागि शील, अज्ञानता नाश गर्नको लागि बुद्धि र भक्तिले भयको नाश गर्दछ।। ११ ।।

नास्ति कामसमो व्याधिर्नास्ति मोहसमा रिपू:।
नास्ति कामसमो वह्निर्नास्ति ज्ञानात्परं सुखम्।। १२ ।।

कामको समान अर्को व्याधि छैन, अज्ञानको समान अर्को वैरी छैन, क्रोधको समान अर्को अग्नि छैन र ज्ञानको समान अर्को सुख पनि छैन ।। १२ ।।

जन्म मृत्युं हि यात्येको भुनक्त्येकं शुभाशुभम्।
नरके स पतत्येक एको याति परां गतिम्।। १३ ।।

यो निश्चय छ कि जन एक्लै जन्म र मरण पाउँछ र सुख, दु:ख एक्लै नै भोग्दछ, एक्लै नै नर्कमा पर्दछ र एक्लै नै मोक्ष प्राप्त गर्दछ अर्थात् यस कार्यमा कसैले कसैको सहायता गर्दैन।। १३ ।।

तृणं ब्रह्मविदः स्वर्गं तृणं शूरस्य जीवितम्।
जिताक्षस्य तृणा नारी निःस्पृहस्य तृणं जगत्।। १४।।

ब्रह्मज्ञानीलाई स्वर्ग तृण समान छ, शूरोलाई जीवन तृण समान छ, जसले इन्द्रियहरूलाई वशमा गरेको छ त्यसलाई स्त्री तृण समान बुझिन्छे र जो निस्पृह छ त्यसलाई सारा जगत् तृणतुल्य छ।। १४।।

विद्या मित्रं प्रवासेषु भार्या मित्रं गृहेषु च।
व्याधितस्यौषधं मित्रं धर्मो मित्रं मृतस्य च।। १५।।

विदेशमा विद्या मित्र हुन्छ, घरमा स्त्री मित्र हुन्छे, रोगीको मित्र औषधि हुन्छ र मरेपछि धर्म मित्र हुन्छ।। १५।।

वृथा वृष्टिः समुद्रेषु वृथा तृप्तेषु भोजनम्।
वृथा दानं धनाढ्येषु वृथा दीपो दिवावि च।। १६।।

समुद्रमा वर्षा हुनु व्यर्थ हो र जो तृप्त भएको छ त्यसलाई मीठा-मीठा भोजन व्यर्थ छन्, धनीलाई दान दिनु व्यर्थ छ र दिनमा दियो बाल्नु व्यर्थ छ।। १६।।

नास्ति मेघसमं तोयं नास्ति चात्मसमं बलम्।
नास्ति चक्षुः समं तेजो नास्ति चान्नसमं प्रियम्।। १७।।

मेघको जलको समान अर्को जल हुँदैन, आफ्नो आत्मबलको समान अर्काको बल हुँदैन यसकारण कि आत्मबल समयमा काम आउँछ। आँखाको समान अर्को प्रकाश गर्ने वस्तु छैन र अन्नको समान अर्को प्रिय पदार्थ छैन।। १७।।

अधना धनमिच्छन्ति वाचं चैव चतुष्पदाः।
मानवाः स्वर्गमिच्छन्ति मोक्षमिच्छन्ति देवताः ।। १८ ।।

धनहीन मनुष्यहरु धनको इच्छा गर्दछन् र चारखुट्टे पशु बोली चाहन्छन्, मनुष्य स्वर्ग चाहन्छन्, र देवता मुक्तिको इच्छा राख्दछन् ।। १८ ।।

सत्येन धार्यते पृथ्वी सत्येन तपते रविः।
सत्येन वाति वायुश्च सर्वं सत्ये प्रतिष्ठितम् ।। १९ ।।

सत्यले नै पृथवी स्थिर छ, सत्यले नै सूर्य तपिरहेका छन्, सत्यले नै वायु बहन्छ र यो चराचर सारा जगत् सत्यमा नै स्थिर छ।। १९ ।।

चला लक्ष्मीश्चलाः प्राणाश्चले जीवितमन्दिरे।
चलाऽचले च संसारे धर्म एको हि निश्चलः ।। २० ।।

लक्ष्मी अनित्य छिनु, प्राण र घर यी सबै स्थिर छैनन्। यो निश्चय छ कि चराचर संसारमा धर्म मात्र निश्चल छ।। २० ।।

नराणां नापितो धूर्तः पक्षिणां चैव वायसः।
चतुष्पदां श्रृगालस्तु स्त्रीणां धूर्ता च मालिनी ।। २१ ।।

पुरुषहरुमा नापित (हजाम), पक्षीहरुमा काग चतुर हुन्छन्। पशुहरुमा स्याल चतुर हुन्छ र स्त्रीहरुमा मालिनी धूर्त हुन्छे।। २१ ।।

जनिता चोपनेता च यस्तु विद्यां प्रयच्छति।
अन्नदाता भयत्राता पञ्चैते पितरः स्मृताः ।। २२ ।।

जन्माउने, संस्कार गरिदिने, विद्या पढ़ाउने, अन्न दिने र भयबाट

जोगाउने यी पाँचलाई पिता भनिन्छ।। २२।।

राजपत्नी गुरोः पत्नी मित्रपत्नी तथैव च।
पत्नीमाता स्वमाता च पञ्चैता मातरःस्मृताः ।। २३।।

राजाकी स्त्री, गुरुपत्नी त्यस्तै नैं मित्रकी पत्नी, सासू र आफ्नी माता यी पाँचैलाई माता भनिन्छ।। २३।।

इति पंचमोऽध्यायः ।। ५।।

***

अथ षष्ठोऽध्याय:

श्रुत्वा धर्मं विजानाति श्रुत्वा त्यजति दुर्मतिम् ।
श्रुत्वा ज्ञानमवाप्नोति श्रुत्वा मोक्षमवाप्नुयात् ।। १ ।।

जुन मनुष्यले शास्त्रलाई सुनेर धर्मलाई जान्दछ, दुर्बुद्धिलाई छोड्दछ, त्यसले ज्ञान पाउँछ र मोक्ष पनि प्राप्त गर्दछ ।। १ ।।

काक: पक्षिषु चाण्डाल: पशूनां चैव कुक्कुर: ।
पापो मुनीनां चाण्डाल: सर्वेषां चैव निन्दक: ।। २ ।।

पक्षीहरुमा काग, पशुहरुमा कुकुर चाण्डाल हुन्छ, मुनिहरुमा पाप र सबैमा निन्दक चाण्डाल हुन्छ ।। २ ।।

भस्मना शुध्यते कांस्यं ताम्रमम्लेन शुध्यति ।
रजसा शुध्यते नारी नदी वेगेन शुध्यति ।। ३ ।।

काँसको भाँडो खरानीले, तामाको भाँडो अमिलोले, स्त्री रजस्वला भएपछि र नदी धाराका वेगले, (बगिरहनाले) पवित्र हुन्छन् ।। ३ ।।

भ्रमन् संपूज्यते राजा भ्रमन् संपूज्यते द्विज: ।
भ्रमन् संपूज्यते योगी भ्रमन्ती स्त्री विनश्यति ।। ४ ।।

भ्रमण गर्नाले राजा, ब्राह्मण, योगी पूजित हुन्छन् तर स्त्री घुम्नाले नष्ट हुन्छन् ।। ४ ।।

यस्यार्थस्तस्य मित्राणि यस्यार्थस्तस्य बान्धवा: ।
यस्यार्थ: स पुमांल्लोके यस्यार्थ: स च पण्डित: ।। ५ ।।

जसका साथमा धन छ त्यसैका मित्र, बान्धव हुन्छन् र त्यसलाई पुरुष

भनिन्छ र त्यसैलाई नै पण्डित पनि भनिन्छ।।५।।

तादृशी जायते बुद्धिर्व्यवसायोऽपि तादृशः।
सहायास्तादृशा एव यादृशी भवितव्यता।।६।।

त्यस्तो नै बुद्धि र त्यस्तो नै कामधन्धा हुन्छ र त्यस्तै सहायक मिल्दछन् जस्तो हुनेहार (भवितव्यता) छ।।६।।

कालः पचति भूतानि कालः संहरते प्रजाः।
कालः सुप्तेषु जागर्ति कालो हि दुरतिक्रमः।।७।।

कालले सबै प्राणीहरूलाई पचाउँछ र कालले नै सबै प्राणीहरूको नाश गर्दछ, सबै पदार्थ लय भएपछि काल जाग्दछ, काललाई कसैले पनि नाघ्न सक्तैनन्।।७।।

न व पश्यन्ति जन्मान्धाः, कामान्धो नैव पश्यति।
मदोन्मत्ता न पश्यन्ति, अर्थी दोषं न पश्यति।।८।।

जन्मै अन्धाले देख्दैनन्, कामले जो अंधा भैरहेका छन् तिनलाई केही देखिंदैन, मदोन्मत्तले कसैलाई देख्दैनन्, अर्थीले दोषलाई देख्दैन ।।८।।

स्वयं कर्म करोत्यात्मा स्वयं तत्फलमश्नुते।
स्वयं भ्रमति संसारे स्वयं तस्माद्विमुच्यते।।९।।

जीवले स्वयं कर्म गर्दछ र त्यसको फल स्वयं नै भोग्दछ, आफू स्वयं नै संसारमा घुम्दछ र आफै नै त्यसबाट मुक्त हुन्छ।।९।।

राजा राष्ट्रकृतं पापं, राज्ञः पापं पुरोहितः।
भर्ता च स्त्रीकृतं पापं, शिष्यपापं गुरुस्तथा।।१०।।

आफ्ना राज्यका प्रजाले गरेको पापलाई राजाले, राजाले गरेको पापलाई पुरोहितले भोग्दछन्। स्त्रीले गरेको पापलाई स्वामीले भोग्दछ, त्यस्तै नै शिष्यले गरेको पाप गुरूले भोग्दछ।। १०।।

ऋणकर्ता पिता शत्रुर्माता च व्यभिचारिणी।
भार्या रूपवती शत्रुः पुत्र शत्रुरपण्डितः।। ११।।

ऋण गर्नेवाला पिता शत्रु हुन्, व्यभिचारिणी माता र सुन्दर स्त्री शत्रु हुन् र मूर्ख पुत्र वैरी हो।। ११।।

लुब्धमर्थेन गृणहीयात्स्तब्धमञ्जलिकर्मणा।
मूर्खं छन्दानुरोधेन याथार्थ्येन च पंडितम्।। १२।।

लोभीलाई धनले, अहंकारीलाई हात जोड़ेर, मूर्खलाई उसले भने अनुसार गरेर र पण्डितलाई सच्चाईले वश गर्नुपर्छ।। १२।।

वरं न राज्यं नकुराजराज्यं
वरं न मित्रं न कुमित्रमित्रम्।
वनं नशिष्यो नकुशिष्यशिष्यो
वरं नदारानकुदारदाराः।। १३।।

राज्य नरहनु बरू यही राम्रो हुन्छ कुराजाको राज्य होइन, मित्र नहुनु राम्रो छ, परन्तु कुमित्र हुनु राम्रो हुँदैन, शिष्य नहुनु बेस, परन्तु कुशिष्य हुनु राम्रो हुँदैन, स्त्री नभएको राम्रो छ, तर कुभार्या हुनु राम्रो हुँदैन।। १३।।

कुराजराज्येन कुतः प्रजासुखं
कुमित्रमित्रेण कुतोऽभिनिर्वृतिः।
कुदारदारैश्च कुतो गृहे सुखं
कुशिष्यमध्यापयतःकुतो यशः।। १४।।

दुष्ट राजाबाट प्रजालाई सुख कसरी हुन सक्छ, कुमित्रसँग आनन्द कसरी हुन सक्छ, दुष्ट स्त्रीले घरमा प्रीति कसरी हुन्छ र कुशिष्यलाई पढाउनाले कीर्ति कसरी हुन्छ।। १४।।

सिंहादेकं बकादेकं शिक्षेच्चत्वारि कुक्कुटात्।
वायसात्पञ्च शिक्षेच्च षट् शुनस्त्रीणि गर्दभात्।। १५।।

सिंहबाट एक, बकुल्लाबाट एक र कुखुराबाट चार कुरा सिक्नुपर्छ, कागबाट पाँच, कुकुरबाट छः, र गदहाबाट तीन गुण सिक्नु उचित छ।। १५।।

प्रभूतं काममल्पं वा यन्नरः कर्तुमिच्छति।
सर्वारम्भेण तत्कार्यं सिंहादेकं प्रचक्षते।। १६।।

कार्य सानो होस् या ठूलो जो गर्न लायक छ त्यसलाई एक प्रकारले प्रयत्न गरेर गर्नु उचित छ, यसलाई सिंहबाट सिक्नुपर्छ।। १६।।

इन्द्रियाणि च संयम्य बकवत्पण्डितो नरः।
देशकालबलं ज्ञात्वा सर्वं कार्याणि साधयेत्।। १७।।

विद्वान् पुरुषले यो गरून् कि इन्द्रियसंयम गरेर देश, काल र बल सम्झिएर समान सबै कर्म गरून् यो एउटा गुण बकुल्लासँग सिक्नुपर्छ।। १७।।

प्रत्युत्थानञ्च युद्धं च संविभागञ्च बन्धुषु।
स्वयमाक्रम्य भोगं च शिक्षेच्चत्वारिकुक्कुटात्।। १८।।

उचित समयमा उठनु, रणमा उद्यत रहनु र बन्धुहरूलाई भाग दिनु र स्वयं आक्रमण गरेर भोजन गर्नु – यी चार कुरा कुखुरबाट सिक्नुपर्छ ।। १८।।

गूढमैथुनचारित्वं काले काले च संग्रहम्।
अप्रमत्तमविश्वासं पञ्च शिक्षेच्छ वायसात्।। १९।।

लुकेर मैथुन गर्नु, समय समयमा संग्रह गर्नु, सावधान भएर रहनु र कसैमा विश्वास नगर्नु – यो पाँच गुण कागसँग सिक्नु उचित छ।। १९।।

स्वल्पाशी स्वल्पसन्तुष्टः सुनिद्रो लघुचेतनः।
स्वामिभक्तश्च शूरश्च षडेते श्वानतो गुणाः।। २०।।

धेरै नखाने शक्ति हुनु, थोरैले सन्तुष्ट हुनु, गहिरो निद्रामा रहनु, झटपट जागृत हुनु, मालिकको भक्ति र शूरोपन – यी छः गुण कुक्कुरबाट सिक्नू।। २०।।

सुश्रान्तो हि वहेद्भारं शीतोष्णे न च पश्यति।
संतुष्टश्चरते नित्यं त्रीणि शिक्षेच्च गर्धभात्।। २१।।

धेरै थकाई लागे पनि बोझा (भारी) बोकिरहनु, जाडो र गर्मीमा दृष्टि नदिनु, सधैं सन्तुष्ट भएर हिंड्नु यी तीन गुणहरू गधासँग सिक्नु उचित छ।। २१।।

य एतान् विंशतिगुणानाचरिष्यति मानवः।
कार्यावस्थासु सर्वासु अजेयः स भविष्यति।। २२।।

जुन मनुष्यले यी माथि भनिएका बीस गुणहरूलाई धारण गर्छ, त्यो सदा सबै कार्यहरूमा विजयी हुनेछ।। २२।।

इति षष्ठोऽध्यायः।। ६।।

* * *

अथ सप्तमोऽध्यायः

अर्थनाशं मनस्तापं गृहे दुश्चरितानि च।
वञ्चनं चापमानं च मतिमान्न प्रकाशयेत्।। १।।

धनको नाश, मनको ताप, घरको चरित्र, नीचको वचन र अपमान यसलाई बुद्धिमान् मनुष्यले प्रकाश नगर्नु।। १।।

धनधान्यप्रयोगेषु विद्यासंग्रहणेषु च।
आहारे व्यवहारे च त्यक्तलज्जा सुखी भवेत्।। २।।

अन्न र धनका व्यवहारमा, विद्या संग्रह गर्नमा, आहार र व्यवहारमा लज्जालाई त्याग गर्ने पुरुष नै सुखी रहन्छ।। २।।

सन्तोषामृततृप्तानां यत्सुखं शान्तचेतसाम्।
न च तद्धनलुब्धानामितश्चेतश्च धावताम्।। ३।।

सन्तोषरुपी अमृतले तृप्त रहने, शान्तचित्त भएकाहरुलाई जो सुख छ, त्यो सुख धनका लोभले चारैतिर दौडिरहनेलाई हुन सक्तैन।। ३।।

सन्तोषस्त्रिषु कर्तव्यः स्वदारे भोजने धने।
त्रिषु चैव न कर्तव्योऽध्ययने जपदानयोः।। ४।।

आफ्नी स्त्री, भोजन र धन, यी तीनमा सन्तोष गर्नुपर्छ। पढ्नु, जप गर्नु र दान गर्नमा सन्तोष कहिल्यै नगर्नू।। ४।।

विप्रयोविप्रवन्हूनयोश्च दम्पत्योः स्वामिभृत्ययोः।
अन्तरेण न गन्तव्यं हलस्य वृषभस्य च।। ५।।

ब्राह्मणका माझबाट, ब्राह्मण र अग्निका माझबाट, स्त्री पुरुषका माझबाट, मालिक र नोकरका माझबाट र हलो र गोरुका माझबाट कहिल्यै नहिंड्नू।।५।।

पादाभ्यं न स्पृशेदग्नि गुरुं ब्राह्मणमेव च।
नैव गां न कुमारी च न वृद्धं न शिशुं तथा।।६।।

अग्नि, गुरु र ब्राह्मणलाई खुट्टाले कहिल्यै नछुनू, त्यस्तै नै गाईलाई, कुमारीलाई, वृद्ध र बालकलाई पनि खुट्टाले नछुनू।।६।।

शकटं पञ्चहस्तेन दशहस्तेन वाजिनाम्।
हस्ती हस्तसहस्रेण देशत्यागेन दुर्जनम्।।७।।

गाड़ीलाई पाँच हातमा, घोड़ालाई दस हातमा, हात्तीलाई हजार हातमा र दुर्जनलाई देशै त्यागेर छोड़िदिनु।।७।।

हस्ती अङ्कुशमात्रेण, वाजी हस्तेन ताड्यते।
शृङ्गी लगुडहस्तेन, खड्गहस्तेन दुर्जनः।।८।।

हात्तीलाई अंकुश मात्रले पिटिन्छ, घोड़ालाई चाबुकले पिटिन्छ, सिंग भएका जन्तुलाई लौरोयुक्त हातले र दुर्जनलाई तरवारयुक्त हातले दण्ड दिन्छन्।।८।।

तुष्यन्ति भोजने विप्राः मयूरा घनगर्जिते।
साधवः, परसम्पत्तौ, खलाः परविपत्तिषु।।९।।

भोजनका समयमा ब्राह्मण र मेघ गर्जनाले मयूर आनन्द पाउँछन्। अर्कालाई सम्पत्ति प्राप्त हुँदा साधु प्रसन्न हुन्छन् र अर्काको विपत्तिका समयमा दुर्जन सन्तुष्ट हुन्छन्।।९।।

अनुलोमेन बलिनं प्रतिलोमेन दुर्वलम्।
आत्मतुल्यबलं शत्रुं विनयेन बलेन वा।। १०।।

वैरीलाई उसका अनुकूल व्यवहार गर्नाले, यदि त्यो दुर्वल भए त्यसलाई प्रतिकूलले वश गर्नू। बलमा आफ्नू बराबरीको शत्रुलाई विनय अथवा बलले जित्नू।। १०।।

बाहुवीर्यबलं राज्ञो ब्राह्मणो ब्रह्मविद् बली।
रूपयौवनमाधुर्यं स्त्रीणां बलमनुत्तमम्।। ११।।

राजालाई बाहुवीर्य बल हुन्छ, र ब्राह्मण ब्रह्मज्ञानी र वेदपाठी बली हुन्छ, स्त्रीको सुन्दरता, तरुणाता र मधुरता यो उत्तम बल हुन्छ।। ११।।

नात्यन्तसरलैर्भाव्यं गत्वा पश्य वनस्थलीम्।
छिद्यन्ते सरलास्तत्र कुब्जास्तिष्ठन्ति पादपा:।। १२।।

धेरै सोझो स्वभावको हुनु हुँदैन । किनकि वनमा गएर हेर्दा जति सोझा वृक्ष छन् ती सबै काटिन्छन् र जति बाङ्गाटिङ्गा छन् ती सबै जस्ताका तस्तै रहन्छन्।। १२।।

यत्रोदकं तत्र वसन्ति
हंसास्तथैव शुष्कं परिवर्जयन्ति।
न हंसतुल्येन नरेण
भाव्यपुनस्त्यजन्त:पुनराश्रयन्त:।। १३।।

जहाँ पानी रहन्छ, त्यहाँ हंस बस्दछन्, त्यस्तै सुकेको सरोवरलाई छोड़िदिन्छन् यसकारण मनुष्यले हंसको समान रहनु उचित छैन। ती बार

बार छोडिदिन्छन् र आश्रय पनि लिन्छन् ।। १३ ।।

उपार्जितानां वित्तानां त्याग एव हि रक्षणम् ।
तडागोदरसंस्थानां परिवाह इवाम्भसाम् ।। १४ ।।

संचित धनलाई खर्च गर्नु नै रक्षा हो जस्तै कुवाबाट जति पानी झिक्यो त्यति मीठो हुँदै जान्छ ।। १४ ।।

यस्यार्थस्तस्य मित्राणि यस्सार्थस्तस्य बान्धवाः ।
यस्यार्थः स पुमाँल्लोके यस्यार्थः स हि जीवति ।। १५ ।।

जसका साथमा धन रहन्छ त्यसैका मित्र धेरै हुन्छन्, जसका साथमा द्रव्य रहन्छ त्यसैका बन्धु हुन्छन् र जोसँग धन छ, त्यही नै पुरुष गनिन्छ र जसका साथमा अर्थ (धन) छ त्यही नै बाँच्तछ ।। १५ ।।

स्वर्गस्थितानामिह जीवलोके
चत्वारि चिन्हानि बसन्ति देहे ।
दानप्रसङ्गो मधुरा च वाणी
देवार्चनं ब्राह्मणतर्पणञ्च ।। १६ ।।

स्वर्गवासीहरूका शरीरमा संसारमा चार चिन्ह रहन्छन - दानको इच्छा, मीठो, वचन, देवता र ब्राह्मणलाई तृप्त गर्न अर्थात् जसमा दानको लक्षण छ, उनलाई स्वर्गीय चिन्नुपर्छ ती आफ्नू पुण्यका प्रभावले स्वर्गवासी भएर भूलोकमा अवतार लिएका हुन् ।। १६ ।।

अत्यन्तकोपः कटुका च वाणी दरिद्रता च स्वजनेषु वैरम् ।
नीचप्रसंगः कुलहीनसेवा चिन्हानि देहे नरकस्थितानाम् ।। १७ ।।

अत्यन्त क्रोध, कटुवचन, दरिद्रता, स्वजनसँग वैर, नीचाहरूको संग, कुलहीनको सेवा – यो सबै चिन्ह नरकबासीहरूका शरीरमा रहन्छन् ।। १७ ।।

गम्यते यदि मृगेन्द्रमन्दिरं
लभ्यते करिकपोलमौक्तिकम् ।
जम्बुकालयगते च प्राप्यते
वत्सपुच्छखरचर्मखण्डनम् ।। १८ ।।

यदि सिंहका गुफामा कोही मनुष्य गयो भने त्यसलाई हात्तीको टाउकाको मोति पाइन्छ र यदि स्याल बस्ने ठाउँमा गयो भने बाछाको पुच्छर वा गधाको छालाको टुक्रा मात्र फेला पर्छ ।। १८ ।।

शुनः पुच्छमिव व्यर्थं जीवितं विद्यया विना ।
न गुह्यगोपने शक्तं न च दंशनिवारणे ।। १९ ।।

कुकुरको पुच्छरको समान विद्या बिना बाच्नु व्यर्थ छ, कुकुरको पुच्छरले न त आफ्नू गुप्ताङ्गलाई छोप्न सक्छ र न त मच्छर आदि जीवहरूलाई उड़ाउननै सक्छ ।। १९ ।।

वाचां शौचं न मनसः शौचमिन्द्रियनिग्रहः ।
सर्वभूते दया शौचमेतच्छौचं परार्थिनाम् ।। २० ।।

वचनको शुद्धि, मनको शुद्धि, इन्द्रियको वशता, जीवहरूमा दया पवित्रता - यी उपकारी मनुष्यका शुद्धि हुन् ।। २० ।।

पुष्पे गन्धः तिले तैलं काष्ठे वह्निः पयोघृतम् ।
इक्षौ गुडस्तथा देहे पश्यात्मानं विवेकतः ।। २१ ।।

जस्तै फूलमा गन्ध, तिलमा तेल, काठमा अग्नि, दूधमा घिउ, उखुमा गुड़ (सक्खर) छ, त्यसतै नै देहमा आत्मालाई विचार गरेर हेर।। २१।।

इति सप्तमोऽध्याय।। ७।।

* * *

अथ अष्टमोऽध्याय:

अधमा धनमिच्छिन्ति धनं मानं च मध्यमा: ।
उत्तमा मानमिच्छन्ति मानो हि महतां धनम् ।। १ ।।

अधमले धन चाहन्छ, मध्यमले धन र मान चाहन्छ, उत्तमले मान मात्र चाहन्छ। यसकारण कि महात्माहरूको धन नै मान हो।। १।।

इक्षुराप: पयो मूलं ताम्बूलं फलमौषधम् ।
भक्षयित्वाऽपि कर्तव्या: स्नानदानादिका: क्रिया: ।। २ ।।

ऊखु, पानी, दूध, फल-फूल र औषधि तथा ताम्बूल यी वस्तुहरूलाई भक्षण गरेर पनि स्नान, दान आदि कार्य गरे हुन्छ।। २।।

दीपो भक्षयते ध्वान्तं कज्जलं च प्रसूयते ।
यदन्नं भक्ष्यते नित्यं जायते तादृशो प्रजा ।। ३ ।।

दियोले अन्धकारलाई खान्छ र गाजल उत्पन्न गर्छ, जसले जस्तो अन्न सधैं खान्छ, त्यसको त्यस्तै नै सन्तति हुन्छन्।। ३।।

वित्तं देहि गुणान्वितेषु मतिमन्नान्यत्र देहि क्वचित्
प्राप्तं वारिनिधेर्जलं घनमुखे माधुर्ययुक्तं सदा ।
जीवस्थावरजङ्गमाँश्च सजलान् संजोव्य भूमण्डलम्
भूय: पश्य तदेवकोटिगुणितं गच्छेत्स्वमम्भोनिधिम् ।। ४ ।।

हे मतिमान, गुणवानहरूलाई धन देऊ, अरुहरूलाई कहित्यै नदेऊ। समुद्र मेघलाई प्राप्त भएर जल सधैं मधुर हुन्छ र पृथ्वीमा सबै चर अचर

जीवहरुलाई जिलाएर फेरि त्यही जल कोटि गुण भएर उही समुद्रमा नै जान्छ।।४।।

चाण्डालानां सहस्रैश्च सूरिभिस्तत्वदर्शिभिः।
एको हि यवनः प्रोक्तो न नीचो यवनात्परः।।५।।

तत्वदर्शीले भनेका छन् कि सहस्र चाण्डालका तुल्य एउटा यवन हुन्छ र यवन (मुसलमान) भन्दा नीच अर्को कोही हुँदैन।।५।।

तैलाभ्यङ्गे चिताधूमे मैथुने क्षौरकर्मणि।
तावद्भवति चाण्डालो यावत्स्नानं न चाऽऽचरेत्।।६।।

तेल लगाएमा, चिता जलेको धूवाँ लागेमा, स्त्री प्रसङ्ग गरेमा र केशमुण्डन गरेमा त्यो मानिस स्नान नगरेसम्म चाण्डाल समान नै रहन्छ।।६।।

अजीर्णे भेषजं वारि जीर्णे वारि बलप्रदम्।
भोजने चामृतं वारि भोजनान्ते विषप्रदम्।।७।।

अपच भएमा जल औषधि हो, पचेपछि जलले बल दिन्छ, भोजनको समयमा पानी अमृत समान छ र भोजनका अन्त्यमा विष समानको फल दिन्छ।।७।।

हतं ज्ञान क्रियाहीनं हतश्चाज्ञानतो नरः।
हतं निर्नायकं सैन्यं स्त्रियो नष्टा ह्यभर्तृकाः।।८।।

क्रिया विनाको ज्ञान व्यर्थ छ, अज्ञानी मनुष्य मरेकै समान छन्, सेनापतिविना सेना मारिन्छ र स्वामी (पुरुष) — विनाका स्त्री नष्ट हुन्छन्।।८।।

वृद्धकाले मृता भार्या बन्धुहस्तगतं धनम् ।
भोजनं च पराधीनं तिस्रः पुंसां विडम्बनाः ।। ९ ।।

वृद्धवस्थामा स्त्रीको मरण, बन्धुका हातमा गएको धन र अर्काको अधीन भोजन — यी तीन पुरुषहरूका लागि अत्यन्त दुःखदायक हुन्छन् ।। ९ ।।

अग्निहोत्रं विना वेदा न च दानं विना क्रिया ।
न भावेन विना सिद्धस्तस्माद्भावो हि कारणम् ।। १० ।।

अग्निहोत्र आदि विना वेद पढ्नु व्यर्थ हुन्छ, दानविना यज्ञादि क्रिया व्यर्थ हुन्छ, भावविनाले केही सिद्ध हुँदैन, यसकारण भाव नै सबैको कारण हो ।। १० ।।

काष्ठपाषाणधातूनां कृत्वा भावेन सेवनम् ।
श्रद्धया च तथा सिद्धिस्तस्य विष्णोःप्रसादतः ।। ११ ।।

धातु, काठ, ढुङ्गो, माटाको मूर्ति जुनसुकैमा पनि श्रद्धासहित भएर भक्ति सेवा गरे सबै कार्य विष्णुका प्रसादले सिद्ध हुन्छ ।। ११ ।।

न देवो विद्यते काष्ठे न पाषाणे न मृण्मये ।
भावो हि विद्यते देवस्तस्माद्भावो हि कारणम् ।। १२ ।।

भगवान् काठमा छैनन्, न ढुङ्गामा छन् न माटाको मूर्तिमा छन्, निश्चय छ कि भगवान् भावनामा नै विद्यमान् छन्, यसकारण भाव नै सबैको कारण हो ।। १२ ।।

शान्ततुल्यं तपो नास्ति नसन्तोषात्परं सुखम् ।
न तृष्णायाः परो व्याधिः न च धर्मो दयासमः ।। १३ ।।

शान्तिको समान अर्को तप छैन र न सन्तोषभन्दा अर्को सुख छ, तृष्णा जस्तो अर्को व्याधि छैन र दया समान ठूलो अर्को धर्म छैन।। १३।।

क्रोधो वैवस्वतो राजा, तृष्णा वैतरणी नदी।
विद्या कामदुधा धेनुः, संतोषो नन्दनं वनम्।। १४।।

क्रोध यमराज हो, तृष्णा वैतरणी नदी हो, विद्या कामधेनु गाई हो र सन्तोष नै इन्द्रको बगैंचा हो।। १४।।

गुणो भूषयते रूपं शीलं भूषयते कुलम्।
सिद्धिर्भूषयते विद्यां भोगो भूषयते धनम्।। १५।।

गुणले रूपलाई भूषित गर्दछ, शीलले कुललाई भूषित गर्छ, सिद्धिले विद्यालाई भूषित गर्छ र भोगले धनलाई भूषित गर्छ।। १५।।

निर्गुणस्य हतं रूपं दुःशीलस्य हतं कुलम्।
असिद्धस्य हता विद्या अभोगेन हतं धनम्।। १६।।

निर्गुणको सुन्दरता व्यर्थ छ, शीलहीनको कुल निन्दित हुन्छ, सिद्धिविनाको विद्या व्यर्थ छ, भोग विनाको धन व्यर्थ छ।। १६।।

शुद्धं भूमिगतं तोयं शुद्धा नारी पतिव्रता।
शुचिः क्षेमकरो राजा सन्तुष्टो ब्राह्मणः शुचिः।। १७।।

भूमिबाट निस्केको पानी पवित्र हुन्छ, पतिव्रता स्त्री पवित्र हुन्छे, कल्याण गर्ने राजा पवित्र मानिन्छ र सन्तोषी ब्राह्मण पवित्र हुन्छ।। १७।।

असन्तुष्टा द्विजाः नष्टाः सन्तुष्टाश्च महीपतिः ।
सलज्जा गणिका नष्टा निर्लज्जाश्च कुलाङ्गनाः ।।

असन्तोषी ब्राह्मण र सन्तोषी राजा नष्ट हुन्छन् । लज्जावती वेश्या नष्ट हुन्छे र लज्जाहीन भएका कुलीन स्त्री निन्दित हुन्छन् ।। १८ ।।

किं कुलेन विशालेन विद्याहीनेन देहिनाम् ।
दुष्कुलं चाऽपि विदुषो देवैरापं सुपूज्यते ।। १९ ।।

विद्याहीन छ भने ठूलो कुलले पनि मनुष्यलाई के लाभ ? नीच कुलका पनि विद्वान् देवताहरुबाट पनि आदर पाउँछन् ।। १९ ।।

विद्वान् प्रशस्यते लोके विद्वान् सर्वत्र गौरवम् ।
विद्यया लभते सर्वं विद्या सर्वत्र पूज्यते ।। २० ।।

संसारमा विद्वान् नै प्रशंसित हुन्छन्, विद्वानले नै सबै प्रतिष्ठा पाउँछ, विद्या नै सबै ठाउँमा पूजित हुन्छ ।। २० ।।

रूपयौवनसम्पन्ना विशालकुलसम्भवाः ।
विद्याहीना न शोभन्तेनिर्गन्धा इव किंशुकाः ।। २१ ।।

सुन्दर, यौवन युक्त र ठूला कुलमा जन्म भएर पनि विद्याहीन पुरुषले शोभा पाउँदैन, जस्तै विनागन्धको पलाशको फूल ।। २१ ।।

मांसभक्षैः सुरापानैर्मूर्खैश्चाक्षरवर्जितैः ।
पशुभिः पुरुषाकारैर्भाराक्रांताऽस्ति मेदिनी ।। २२ ।।

मांस भक्षण गर्ने, मदिरा पान गर्ने, निरक्षर र मूर्ख पुरुषका र यी पशुहरुका भारले पृथ्वी पीड़ित हुन्छिन् ।। २२ ।।

अन्नहीनो दहेद्राष्ट्रं मन्त्रहीनाश्च ऋत्विजः ।
यजमानं दानहीनो नास्ति यज्ञसमो रिपुः ।। २३ ।।

अन्नहीन यज्ञले राज्यलाई, मन्त्रहीन यज्ञले ऋत्विजलाई, दानहीन यज्ञले यजमानलाई डढाउँछ, त्यसकारण विधिहीन यज्ञसमान अर्को शत्रु छैन ।। २३ ।।

इति वृद्धचाणक्ये अष्टमोऽध्यायः ।। ८ ।।

***

अथ नवमोऽध्यायः

मुक्तिमिच्छसि चेत्तात विषयान्विषवत् त्यज।
क्षमाऽर्जवं दया शौचं सत्यं पीयूषवत्पिव।।१।।

हे भाई बन्धु, यदि मोक्ष खोज्दछौ भने विषयलाई विष समान जानी छोड़िदेऊ। सहनशीलता, सरलता, दया, पवित्रता र सत्यलाई अमृतसमान पान गर।।१।।

परस्परस्य मर्माणि ये भाषन्ते नराऽधमाः।
स एव विलयं यान्ति वल्माकोदरसर्पवत्।।२।।

जो नराधम उसको उसले, उसको उसले पोल खोल्दछन् ती निश्चय नै नष्ट हुन्छन्। जस्तै धमिराका गोलामा परेको सर्प नष्ट हुन्छ।।२।।

गन्धं सुवर्णे फलमिक्षुदण्डे
नाकारि पुष्पं खलु चन्दनस्य।
विद्वान् धनी भूपतिदीर्घजीवी
धातुःपुरा कोऽपि न बुद्धिदोऽभूत्।।३।।

विधाताले सुनमा सुगन्ध (बास्ना), ऊखुमा फल, चन्दनमा फूल, विद्वान्, धनी, राजा दीर्घजीवी गरेनन्, निश्चय छ कि उनलाई पहिले कोही यस्तो बुद्धि दिनेवाला थिएनन् होला।।३।।

सर्वौषधीनाममृत प्रधाना
सर्वेषु सौख्येष्वशनं प्रधानम्।
सर्वेन्द्रियाणां नयनं प्रधानं
सर्वेषु गात्रेषु शिरः प्रधानम्।।४।।

सबै औषधिहरूमा गुर्जो मुख्य छ, सबै सुखहरूमा भोजन मुख्य छ, सबै इन्द्रियहरूमा आँखा श्रेष्ठ छ, सबै शरीरमा शिर (टाउको) प्रधान छ ।। ४ ।।

दूतो न सञ्चरति खे न चलेच्च वार्ता
पूर्वं न जल्पितमिदं न च सङ्गमोऽस्ति।
व्योम्नि स्थितं रविशशिग्रहणं प्रशस्तं
जानाति यो द्विजवरः स कथं न विद्वान् ।। ५ ।।

दूत आकाशमा जाँदैन र न उहाँ वार्ता नै चल्न सक्छ, न पहिलेदेखि नै यो भनिदिएको छ, र न कसैको संगति छ तैपनि आकाशमा बस्ने सूर्य चन्द्रमाको स्पष्ट ग्रहणहरूलाई जो ब्राह्मण जान्दछन् ती कसरी विद्वान् होइनन् ।। ५ ।।

विद्यार्थी सेवकः पान्थः क्षुधार्तो भयकातरः ।
भाण्डारी प्रतिहारश्च सप्त सुप्तान् प्रबोधयेत् ।। ६ ।।

विद्यार्थी, सेवक, पथिक, भोकले पीड़ित, भयले व्यग्र, भान्से र द्वारपाल — यी सातैलाई सुतेका भए पनि जगाई दिनुपर्छ ।। ६ ।।

अहिं नृपञ्च शार्दूलं किटिञ्च बालकं तथा।
परश्वानञ्च मूर्खं च सप्त सुप्तानान्न बोधयेत् ।। ७ ।।

साँप, राजा, बाघ, बारूलो, बालक, अर्काको कुकुर र मूर्ख — यी सातलाई सुतेका बेलामा जगाउनू हुँदैन ।। ७ ।।

अर्थाधीनाश्च ये वेदास्तथा शूद्रान्नभोजिनः ।
ते द्विजाः किं करिष्यन्ति निर्विषा इव पन्नगाः ।। ८ ।।

जसले वेदलाई धनको लागि पढ़ेका छन्, त्यस्तै नै जो शूद्रको अन्न भोजन गर्दछन्, ती ब्राहमण बिनाविषको साँप समान के पो गर्न सक्तछन् र ।।८।।

यस्मिन् रुष्टे भयं नास्ति तुष्टे नैव धनागमः ।
निग्रहोऽनुग्रहो नास्ति ग रुष्टः किं करिष्यति ।। ९ ।।

जो रिसाउँदा केही डर छैन, खुशी हुँदा पनि धनको लाभ छैन, न दण्ड, न अनुग्रह हुन सक्छ, त्यो क्रोधित भएर के गर्न सक्तछ र ।। ९ ।।

निर्विषेणाऽपि सर्पेण कर्तव्या महती फणा ।
विषमस्तु न चाप्यस्तुफणाऽटोपो भयंकर ।। १० ।।

विषहीन साँपले पनि आफ्नो फणा बढ़ाउनुपर्छ, विष होस् अथवा नहोस्, बढ़ाएको फणा डराउनेवाला हुन्छ ।। १० ।।

प्रातर्द्यूतप्रसङ्गेन मध्यान्हे स्त्रीप्रसङ्गतः ।
रात्रौ चौरप्रसङ्गेन कालो गच्छति धीमताम् ।। ११ ।।

प्रातःकालमा जुवाड़ीहरूको कथा अर्थात् महाभारतको कथा जसमा यो स्पष्ट ज्ञात हुन्छ कि जुआले के हानि हुन्छ, यसका अतिरिक्त त्यसमा राजनीति र ज्ञानको विषय दुवै मिल्दछन्। दिउँसो स्त्री प्रसङ्गले अर्थात् रामायणले यसलाई पढ़नाले मनुष्यलाई शिक्षा मिल्छ कि स्त्रीको वश हुनाले दुःख धेरै उठाउनुपर्छ र परस्त्रीमा दृष्टि लगाउने सर्वनाश हुन्छ। रात्रिमा चोरहरूको वार्ता अर्थात् भागवत यसलाई पढ़नाले अथवा सुन्नाले यो शिक्षा मिल्छ कि

श्रीकृष्णजी आफ्ना १६ हजारभन्दा पनि बढ़ी स्त्रीहरू हुँदा पनि तिनी आफ्ना इन्द्रियका वशमा थिएनन् यो पनि सिकिन्छ कि इन्द्रियहरूको संयम कसरी गर्नुपर्छ । रात्रिमा यसकारण भनियो कि सबै रात्रिमा इन्द्रियका वशमा हुन्छन्। यदि मनुष्य त्यस समय यस्तो कथा सुनुन् न ती पनि आफ्ना इन्द्रियका वशमा हुँदैनन्। बुद्धिमानहरूको समय यसरी नै व्यतीत हुन्छ ।।११।।

स्वहतःस्यथिता माला स्वहस्ताद् घृष्टचन्दनम्।
स्वहस्तलिखितं स्तोत्रं शुक्रस्याऽपि श्रियं हरेत्।।१२।।

आफ्ना हातले उनेको माला, आफ्ना हातले घोटेको चन्दन, आफ्ना हातले लेखेको स्तोत्र — यी तीनलाई स्वयं सेवन गर्नाले इन्द्रको पनि लक्ष्मी हर्दछन्।।१२।।

इक्षुदण्डास्तिलाः शूद्राः
कान्ता हेम च मेदिनी।
चन्दनं दधि ताम्बूलं
मर्दनं गुणवर्द्धनम्।।१३।।

ऊखु, तिल, शूद्र, स्त्री, सुन, पृथ्वी, चन्दन र मही तथा पान यसको मर्दन नै गुण वर्द्धक हुन्छ।।१३।।

दरिद्रता धीरतया विराजते,
कुवस्त्रता शुभ्रतया विराजते।
कदन्नता चोष्णतया विराजते
कुरूपता शीलतया विराजते ।।१४।।

दरिद्रता धीरताले शोभिन्छ, स्वच्छताले कुवस्त्र पनि शोभिन्छ, कुअन्न उष्णताले राम्रो लाग्छ, कुरूपता सुशीलताले शोभिन्छ।।१४।।

इति नवमोऽध्यायः।।९।।

***

अथ दशमोऽध्याय:

धनेन हीनो नो हीनो धनिक: स सुनिश्चय:।
विद्यारत्नेन यो हीन: स हीन: सर्ववस्तुषु।। १।।

धनरहित जन हीन भनिंदैन, निश्चय नै त्यो धनी नै भनिन्छ। जो विद्यारत्नले हीन छ, त्यही सबै वस्तुहरूले रहित मानिन्छ।। १।।

दृष्टिपूतं न्यसेत्पादं वस्त्रपूतं पिबेज्जलम्।
शास्त्रपूतं वदेद्वाक्यं मन:पूतं समाचरेत्।। २।।

आँखाले हेरेर पाइला चाल्नुपर्छ, कपड़ाले छानेर जल पिउनु उचित छ, शास्त्रले शुद्ध गरिएको वचन बोल्नु उचित छ, मन शुद्ध गरेर अर्थात् विचार गरेर मात्र कार्य गर्नु उचित छ।। २।।

सुखार्थी चेत् त्यजेद्विद्यां विद्यार्थी चेत् त्यजेत्सुखम्।
सुखार्थिन: कुतो विद्या कुतो विद्यार्थिन: सुखम्।। ३।।

यदि सुख चाहने भए विद्या छोड़िदिनू, यदि विद्या चाहन्छौ भने सुखलाई त्यागिदिनू, सुख चाहनेलाई विद्या कसरी हुन्छ र विद्यार्थीलाई सुख कसरी हुन्छ।। ३।।

कवय: किं न पश्यन्ति किं न कुर्वन्ति योषित:।
मद्यपा किं न जल्पन्ति किं न खादन्ति वायसा:।। ४।।

कविहरूले कुन वस्तु देख्दैनन्, स्त्रीहरूले के गर्न सक्तैनन्, मदिरा पान गर्नेले के बोल्दैनन्, कागले के खाँदैनन्।। ४।।

रङ्कं करोति राजानं राजानं रङ्कमेव च।
धनिनं निर्धनं चैव निर्धनं धनिनं विधि: ।।५।।

यदि विधि (भाग्य) ले चाह्यो भने दरिद्रलाई राजा, राजाला कंगाल, धनीलाई दरिद्र (माग्ने) र दरिद्रलाई धनी पारिदिन्छ।।५।।

लुब्धानां याचक: शत्रु: मूर्खाणां बोधको रिपु:।
जारस्त्रीणां पति: शत्रुश्चौराणां चन्द्रमा रिपु:।।६।।

लोभीहरुको लागि भिक्षुक बैरी हुन्छन, मूर्खहरूलाई अर्ति दिने ज शत्रु हुन्छनु, व्यभिचारिणी स्त्रीहरूका शत्रु आफ्ना पति हुन्छन् र चोरको बै चन्द्रमा हुन्छन्।।६।।

येषां न विद्या न तपो न दानं
न चापि शीलं न गुणो न धर्म:।
ते मृत्युलोके भुवि भारभूता:
मनुष्यरूपेण मृगाश्चरन्ति।।७।।

जसमा विद्या छैन, शील छैन, गुण र धर्म पनि छैन भने त संसारमा पृथ्वीमा भाररूप भएर मनुष्य रूपधारी मृग समान विचर गरिरहेका छन् ।।७।।

अन्त:सारविहीनानामुपदेशो न जायते।
मलयाचलसंसर्गात् न वेणुश्चन्दनायते।।८।।

गम्भीरता बिहीन पुरुषहरूलाई शिक्षा दिनु सफल हुँदैन, मलयाचल संगत गर्दैमा बाँस चन्दन हुँदैन।।८।।

यस्य नास्ति स्वयं प्रज्ञा शास्त्रं तस्य करोति किम् ।
लोचनाभ्यां विहीनस्य दर्पणः किं करिष्यति ।। ९ ।।

जसको आफ्नू बुद्धि छैन त्यसलाई शास्त्र पढ़ेर के हुन्छ, जस्तै आँखा नभएकालाई दर्पण (ऐना) — ले के गर्छ र ?।। ९ ।।

दुर्जनं सज्जनं कर्तुमुपायो न हि भूतले ।
अपानं शतधा धौतं न श्रेष्ठमिन्द्रियं भवेत् ।। १० ।।

दुर्जनलाई सज्जन पार्नको लागि पृथ्वीमा कुनै उपाय छैन, जस्तै मलद्वारलाई सयपल्ट धोए पनि यो उत्तम इन्द्रिय बन्दैन ।। १० ।।

आप्तद्वेषादभवेन् मृत्युः परद्वेषाद्धनक्षयः ।
राजद्वेषादभवेन्नाशो ब्रह्मद्वेषात्कुलक्षयः ।। ११ ।।

आप्तहरूको विरोध गर्नाले मृत्यु हुन्छ, अर्कासँग विरोध गर्नाले धनको नाश हुन्छ, राजाको विरोध गर्नाले सर्वस्व नाश हुन्छ र ब्राह्मणको द्वेष गर्नाले कुलै नष्ट हुन्छ ।। ११ ।।

वरं वनं व्याघ्रगजेन्द्रसेवितं
द्रुमालयं पक्वफलाम्बुभोजनम्
तृणेषु शय्या परिधान वल्कलम्
न बन्धुमध्ये धनहीनजीवनम् ।। १२ ।।

बरू बाघ हात्ती रहेको वनमा रहनु बेस छ, पाकेका फल तथा जल भएर रूखमनि बस्नु बेस छ, घाँसमा शयन गर्नु श्रेष्ठ छ तर धनहीन भएर बन्धुहरूका बीच बस्नु श्रेष्ठ छैन ।। १२ ।।

विप्रो वृक्षस्तस्य मूलञ्च सन्ध्या
वेदा: शाखा धर्मकर्माणि पत्रम् ।
तस्मान्मूलं यत्नतो रक्षणीयं
छिन्ने मूले नैव शाखा न पत्रम् ।। १३ ।।

ब्राह्मण वृक्ष र त्यसको जरा सन्ध्या (जप) हो, वेद हाँगा हो, धर्म र कर्म पात हुन्, यसलाई उद्योगले जराको रक्षा गर्नुपर्छ, जरो काटेपछि न हाँगा रहन्छन् न पत्ता, अर्थात् ब्राह्मणको मुख्य जरो सन्ध्या हो, त्यसलाई नगर्नाले न धर्म कर्म रहन्छन् न वेद रहन्छन् ।। १३ ।।

माता च कमला देवी पिता देवो जनार्दन: ।
बान्धवा विष्णु भक्ताश्च स्वदेशो भुवनत्रयम् ।। १४ ।।

जसकी माता लक्ष्मीदेवी छन्, पिता विष्णु छन् र बान्धव, दाजु-भाइ विष्णुका भक्त छन्, तिनका निमित्त तीनै लोक आफ्नै देश हो ।। १४ ।।

एकवृक्षसमारूढा नाना वर्णा विहङ्गमा: ।
प्रभाते दिक्षु दशसु का तत्र परिवेदना ।। १५ ।।

धेरै किसिमका पक्षीहरू एउटै वृक्षमाथि बस्दछन्, बिहान हुनासाथ दशै दिशातिर उड़िजान्छन्, त्यसमा के शोक छ ? ।। १५ ।।

बुद्धिर्यस्य बलं तस्य निर्बुद्धेस्तु कुतो बलम् ।
वने सिंहो मदोन्मत्तो जम्बुकेन निपातित: ।। १६ ।।

जसको बुद्धि छ त्यसैको बल छ, निर्बुद्धिलाई कहाँबाट बल हुन्छ जस्तै वनमा मदले उन्मत्त सिंह स्यालबाट मारियो ।। १६ ।।

का चिन्ता मम जीवने यदि हरिर्विश्वम्भरो गीयते।
नो चेदर्भकजीवनाय जननी स्तन्यं कथं निःसरेत्।।
इत्यालोच्य मुहुर्मुहुर्यदुपते लक्ष्मीपते केवलं।
त्वत्पादाम्बुजसेवनेन सततं कालो मया नीयते।। १७।।

मैले बाँच्नमा के चिन्ता छ यदि विष्णु भगवान जगत (विश्व) कै रक्षा गर्ने छन् भने, यस्तो नभएदेखि बालकलाई बाँच्नका लागि माताको स्तनमा दूध कसरी बनाउँदथे, यसलाई बारम्बार विचार गरेर हे यदुपते ! हे लक्ष्मीपते ! सदा केवल तपाईंका चरण-कमलको सेवाले म समय बिताउँछु।। १७।।

गीर्वाणवाणीषु विशिष्टबुद्धि-
स्तथापि भाषान्तरलोलुपोऽहम्।
यथा सुराणाममृते च सेविते
स्वर्गाङ्गनानामधरासवे रुचिः।।१८।।

यद्यपि संस्कृतमा विशेष बुद्धि छ, तर पनि अर्को भाषाको लोभी छु, जस्तै अमृत पान गर्दा पनि देवताहरूको इच्छा स्वर्गका स्त्रीहरूका ओठको रसमा पुगेकै हुन्छ।। १८।।

अन्नाद्दशगुणं पिष्टं पिष्टाद्दशगुणं पयः।
दुग्धाद्दशगुणं मांसं मांसाद्दशगुणं घृतम्।। १९।।

चामलमा भन्दा दशगुना गुण पीठो (आटा) मा हुन्छ, पीठोमा भन्दा दशगुना गुण दूधमा हुन्छ, दूधमा भन्दा दशगुना मासुमा र मासुमा भन्दा दशगुना गुण घ्यूमा हुन्छ।। १९।।

शाकेन रोगा वर्धन्ते पयसा वर्धते तनुः।
घृतेन वर्धते वीर्य मासान्मांसं प्रवर्धते।। २०।।

सागले रोग बढ्दछ, दूधले शरीर बढ्दछ, घ्यूले वीर्य बढ्दछ र मासुले मासु बढ्दछ।। २०।।

इति दशमोऽध्यायः।। १०।।

अथ एकादशोऽध्यायः

दातृत्वं प्रियवक्तृत्वं धीरत्वमुचितज्ञता।
अभ्यासेन न लभ्यन्ते चत्वारः सहजा गुणाः ।। १ ।।

दानशक्ति, प्रिय बोल्नु, धीर हुनु र उचितको ज्ञान, अभ्यासबाट प्राप्त हुँदैनन् — यी चार स्वाभाविक गुण हुन् ।। १ ।।

आत्मवर्गं परित्यज्य परवर्गं समाश्रयात्।
स्वयमेव लयं याति यथा राज्यमधर्मतः ।। २ ।।

जसले आफ्नालाई छोड़ेर अर्काको आश्रय लिन्छ, त्यो स्वयं नष्ट हुन्छ, जस्तै पापले राज्य नष्ट हुन्छ।। २ ।।

हस्ती स्थूलतनुः स चाङ्कुशवशः किं हस्तिमात्रोऽङ्कुशो
दीपे प्रज्वलिते प्रणश्यति तमः किं दीपमात्रं तमः।
वज्रेणाऽपि हताः पतन्ति गिरयः किं वज्रमात्रं नगा -
स्तेजो यस्य विराजते स बलवान् स्थूलेषु कः प्रत्ययः ।। ३ ।।

हात्तीको स्थूल (मोटो) शरीर छ, तर पनि त्यो अंकुशको वशमा रहन्छ, के हात्तीको समान अंकुश छ ? दीयो बल्नासाथ अन्धकारको नाश हुन्छ, के दीयो अन्धकारको समान छ ? वज्रले पर्वत लडाउँछ के वज्र जत्रै पर्वत छ ? जसमा तेज विराजमान छ त्यही बलवान् हुन्छ ? मोटोमा के विश्वास छ र ?।। ३ ।।

कलौ दशसहस्त्राणि हरिस्त्यजति मेदिनीम्।
तदर्धं जाह्नवीतोयं तदर्धं ग्रामदेवताः ।। ४ ।।

दश हजार वर्ष कलियुग सकिएपछि विष्णुले पृथ्वीलाई त्यागिदिन्छन्, त्यसको आधा भएपछि गंगाजीको जलले मुक्ति दिने शक्तिलाई छाड़िदिन्छिन्, यसको आधा व्यतीत भएपछि ग्रामदेवताले गाउँलाई त्याग गरिदिन्छन् ।।४।।

गृहासक्तस्य नो विद्या न दया मांसभोजिन: ।
द्रब्यलुब्धस्य ना सत्यं न स्त्रैणस्य पवित्रता ।।५।।

घरको काममा अत्यन्त लीन हुनेलाई विद्या हुँदैन, मासु खानेलाई दया हुँदैन, धनमा जो लोभी छ त्यसमा सच्चाई हुँदैन र व्यभिचार गर्ने व्यक्तिमा पवित्रता हुँदैन ।।५।।

न दुर्जन: साधुदशामुपैति
बहुप्रकारैरपि शिक्ष्यमाण:
आमूलसिक्त: पयसा घृतेन
न निम्बवृक्षो मधुरत्वमेति ।।६।।

दुर्जनलाई धैरै प्रकारले सिकाए पनि त्यो साधुता अथवा साधुको अवस्थामा प्राप्त हुँदैन, जस्तै नीमको रूखलाई जरादेखि नै दूध घ्यूले नै जस्तै सिंचियोस्, तर पनि त्यो मधुरतामा प्राप्त हुँदैन ।।६।।

अन्तर्गतमलो दुष्टास्तीर्थस्नानशतैरपि ।
न शुद्ध्यति यथा भाण्डं सुरया दाहितं च तत् ।।७।।

जसको हृदयमा पाप छ, अथवा तापादि छ, त्यस्तो दुष्टले सयौंपल्ट तीर्थस्नान गरे पनि शुद्ध हुँदैन, जस्तै मदिराको भाँड़ो आगामा जलाए पनि त्यो शुद्ध हुँदैन ।।७।।

न वेत्ति यो यस्य गुणप्रकर्षं
स तं सदा निन्दति नाऽत्र चित्रम् ।
यथा किराती करिकुम्भलब्धां
मुक्तां परित्यज्य बिभर्ति गुञ्जाम् ।। ८ ।।

जो जसको गुणको यथार्थ उत्तमतालाई जान्दैन, त्यो निरन्तर त्यसको निन्दा गर्दछ, यो आश्चर्य छैन, जस्तै भिल्लिनीहरु हात्तीका मस्तकको मोती छोडेर रातीगेड़ी लगाउँदछन् ।। ८ ।।

ते तु संवत्सरं पूर्णं नित्यं मौनेन भुञ्जते ।
युगकोटिसहस्रं ते पूज्यन्ते स्वर्गविष्टपे ।। ९ ।।

संसारमा जो पूरा सालभरि सदा मौन भएर भोजन गर्दछन् ती कोटि युगसम्म नै स्वर्ग लोकमा पूजिन्छन् ।। ९ ।।

काम क्रोधं तथा लोभं स्वादं शृङ्गारकौतुके ।
अतिनिद्राऽतिसेवा च विद्यार्थी ह्याष्ट वर्जयेत् ।। १० ।।

काम, क्रोध, लोभ, मीठो पदार्थ, शृङ्गार, तमाशा, अति निद्रा र अति सेवा — यी आठलाई विद्यार्थीले छोड़ि दिनुपर्छ ।। १० ।।

अकृष्टफलमूलानि वनवासरतिः सदा ।
कुरुतेऽहरहः श्राद्धमृषिविप्रः स उच्यते ।। ११ ।।

कहिल्यै पनि नजोतिएको भूमिबाट उत्पन्न भएको फल अथवा मूल (कन्द) लाई खाएर सदा वनवासमा प्रीति गर्ने, प्रतिदिन श्राद्ध गर्ने, यस्ता ब्राह्मण ऋषि कहलाउँछन् ।। ११ ।।

एकाहारेण सन्तुष्टः षट्कर्मनिरतः सदा।
ऋतुकालाभिगामी च स विप्रो द्विज उच्यते।। १२।।

एकछाक भोजनले सन्तुष्ट रहने, छःकर्म, पढनु, यज्ञादि गर्नु यज्ञादि गराउनु, दान दिनु, दान लिनुमा सधैं तत्पर रहने, ऋतु समयमा मात्र स्त्री प्रसंग गर्ने त्यो ब्राहम्ण द्विज कहिन्छ।। १२।।

लौकिके कर्मणि रतः पशुनां परिपालकः।
वाणिज्यकृषिकर्ता यः स विप्रो वैश्य उच्यते।। १३।।

सांसरिक कर्ममा रत भएका पशुहरूको पालन र खेती गर्ने ब्राह्मण वैश्य कहलाउँछ।। १३।।

लाक्षादितैलतीलानां कौसुम्भमधुसर्पिषाम्।
विक्रेता मद्यमांसानां स विप्रः शूद्र उच्यते।। १४।।

लाहा आदि पदार्थ, तेल, नीर, कुसुम मह, घ्यू मदिरा, मासु जसले यसको व्यापार गर्छ त्यो ब्राह्मण शूद्र कहलाउँछ।। १४।।

परकार्यविहन्ता च दाम्भिकः स्वार्थसाधकः।
छली द्वेषी मृदुः क्रूरो विप्रो मार्जार उच्यते।। १५।।

अर्काको कामलाई नाश गर्ने, अहङ्कारी, आफ्नो कामलाई मात्र साध्ने छली, क्रोधी, बाहिर कोमल र भित्र निष्ठुर छ, त्यो ब्राह्मण बिरालो कहलाउँछ।। १५।।

वापीकूपतडागानामारामसुरवेश्मनाम्।
उच्छेदने निराशङ्कःस विप्रो म्लेच्छ उच्यते।। १६।।

इनार, कुवा, तलाउ, बगैचा, देवालय यिनलाई तोडनमा जो निर्भय छ त्यही ब्राह्मण म्लेच्छ कहलाउँछ।। १६।।

देवद्रव्यं गुरुद्रव्यं परदाराभिमर्षणम्।
निर्वाहः सर्वभूतेषु विप्रश्चाण्डाल कथ्यते।। १७।।

देवताको द्रव्य, गुरुको द्रव्य जसले हर्दछ, अर्काकी स्त्रीसँग जसले प्रसंग गर्दछ र सबै प्राणीमा छ्यानव्यान नगर्ने छ, त्यो ब्राह्मण चाण्डाल कहिन्छ।। १७।।

देयं भोज्यधनं सदा सुकृतिभिर्नो सञ्चयंस्तस्य वै।
श्रीकृष्णस्य बलेश्च विक्रमपतेरद्यापि कीर्तिः स्थिता।।
अस्माकं मधु दानभोगरहितं नष्टं चिरात्सञ्चितं।
निर्वाणादिति नैजपादयुगलं धर्यैन्त्यही मक्षिकाः।। १८।।

पुण्यवान्हरूले सधै भोजन धन दान गर्नुपर्छ, यसको संचय गर्नु हुन्न। श्री कृष्णको, बलिको र विक्रमादित्यको कीर्ति आजसम्म पनि स्थित छ। दान भोग आदिले रहित भै धेरै दिनदेखि संचित गरेको हाम्रो मह नष्ट भयो भनी माहुरीहरू मधु नाश भएको पीरले दुवै खुट्टा रगड्छन्।। १८।।

इति वृद्धचाणक्ये एकादशोऽध्यायः।। ११।।

***

अथ द्वादशोऽध्यायः

सानन्दं सदनं सुतास्तु सुधियः कान्ता प्रियालापिनी
इच्छापूर्तिधनं स्वयोषित रतिः स्वाज्ञापराः सेवकाः।
आतिथ्यँ शिवपूजनं प्रतिदिनं मिष्टान्नापानं गृहे
साधोः सङ्गमुपासते च शततं धन्यो गृहस्थाश्रमः।।१।।

आनन्दयुक्त घर होस्, बुद्धिमान् पुत्र हुन्, स्त्री प्रिय बोल्ने होस, इच्छा पूर्ति गर्ने धन होस् आफ्नी स्त्रीमै मैथुन होस्, आफ्नू आज्ञा पालन गर्ने नोकर हउन्, अतिथिको सेवा र शिवको पूजा भइरहोस, प्रतिदिन घरमा खान पान मीठो मिलोस्, सधैं साधुहरूको उपासना होस्, यस्तो गृहस्थाश्रम प्रशंसनीय र धन्य छ।।१।।

आर्तेषु विप्रेषु दयान्वितैश्च
यदृच्छया स्वल्पमुपैति दानम्।
अनन्तपारं समुपैति राजन्।
यद्दीयते तद् न लभेद्द्विजेभ्यः।।२।।

दयावान् मनुष्यले दुःखी ब्राह्मणलाई जो श्रद्धाले दान दिन्छ, थोरै पनि त्यो त्यसलाई असीम भएर प्राप्त हुन्छ, जो दिइन्छ त्यो ब्राह्मणहरूबाट नहरियोस् तब।।२।।

दाक्षिण्यं स्वजने दया परिजने शाठ्यं सदा दुर्जने
प्रीतिः साधुजने, स्मयः खलजने विद्वज्जने चार्जवम् ।
शौर्य शत्रुजने क्षमा गुरुजने, नारीजने धूर्तता
इत्थं ये पुरुषाः कलासु कुशलास्तेष्वेव लोकस्थितिः ।। ३ ।।

स्वजनमा चतुरता, परिवारमा दया, दुर्जनमा शठता, भला मानिससँग प्रेम, दुष्ट जनहरूमा खिल्ली, विद्वान्‌हरूमा नम्रता, शत्रुहरूमा शूरता, बड़ो मानिसका विषयमा क्षमा, स्त्रीसँग धूर्तता यी कलामा जो जनहरू कुशल हुन्छन् तिनीहरूमा नै लोकको स्थिति मा रहन्छ ।। ३ ।।

हस्तौ दानविवर्जितौ श्रुतिपुटौ सारस्वतद्रोहिणौ
नेत्रे साधुविलोकनेन रहिते पादौ न तीर्थं गतौ ।
अन्यायार्जितवित्तपूर्णमुदरं गर्वेण तुङ्गम् शिरो
रे रे जम्बुक मुञ्च मुञ्च सहसा नीचं सुनिन्द्यं वपुः ।। ४ ।।

दान नदिने हात, श्रुति सुन्न द्रोह गर्ने कान, साधुको दर्शन नगर्ने आखाँ, तीर्थ नजाने गोडा, अन्यायको आर्जनले भरिने पेट, घमण्डले घोर्लिएको शिर, अरे रे धूर्त स्याल हो ! यस्तो अति निन्दित शरीरलाई तुरन्त त्याग ।। ४ ।।

येषां श्रीमद्यशोदासुतपदकमले
नास्ति भक्तिर्नराणां
येषामाभीरकन्याप्रियगुणकथने
नानुरक्ता रसज्ञा ।

येषां स्त्रीकृष्णलीलाललितरसकथासादरौ

नैव कर्णौ,

धिक् तान्धिक्तान्धिगेतान् कथयति

सततं कीर्तनस्थो मृदङ्गः ।।५।।

जसको भक्ति श्रीयशोदा नन्दन (भगवान् कृष्ण) का चरण कमलमा छैन, जसको जिभ्रो गोपिनीहरूको प्रियकथा कहनामा छैन, जसका कान श्रीकृष्णजीको मनोहर कथाको रसमा आदर गर्दैनन् तिनलाई धिक्कार छ, तिनलाई धिक्कार छ भनी कीर्तनमा रहेको मादलले सधैं भन्दछ।।५।।

पत्रं नैव यदा करीरविटपे दोषो वसन्तस्य किं

नोलूकाऽप्यवलोकतं यदि दिवा सूर्यस्य किं दूषणम्।

वर्षा नैव पतन्ति चातकमुखे मेघस्य किं दूषणम्

यत्पूर्वं विधिना ललाटलिखितं तन्मार्जितुं कः क्षमः।।६।।

यदि करीलको वृक्षमा पात हुँदैन भने वसन्तको के दोष छ, यदि लाटोकोसेरो दिनमा देख्दैन भने सूर्यको के दोष छ, काकाकुलको मुखमा वर्षेको पानी पर्दैन भने मेघको के दोष छ, जो ब्रहमाले पहिले ललाटमा लेखिदिएका छन् त्यसलाई मेट्न को समर्थ छ?।।६।।

सत्सङ्गाद् भवति हि साधुता खलानां

साधूनां न हि खलसङ्गतेः खलत्वम्।

आमोदं कुसुमभवं मृदेव धत्ते

मृद्गन्धं न हि कुसुमानि धारयन्ति।।७।।

निश्चय छ कि राम्रो संगतले दुष्टहरूमा साधुता हुन्छ, परन्तु दुष्टहरूको संगतले साधुहरूमा दुष्टता हुँदैन। जस्तै माटोले फूलबाट उत्पन्न गन्ध ग्रहण गर्दछ, परन्तु फूलले माटोको गन्ध ग्रहण गर्दैन।।७।।

साधूनां दर्शनं पुण्यं तीर्थभूता हि साधवः।
कालेन फलते तीर्थं सद्यः साधुसमागमः।।८।।

साधुहरूको दर्शन नै पुण्य हो, यसकारण साधु तीर्थरूप हुन्, तीर्थ समयले फल दिन्छ, तर साधुहरूको संगत गर्नाले तुरुन्त नै फल दिन्छन् ।।८।।

विप्रास्मिन्नगरे महान् कथय कस्तालद्रुमाणां गणः
को दाता रजको ददाति वसनं प्रातर्गृहीत्वा निशि।
को दक्षः परिवित्तदारहरणे सर्वोऽपि दक्षो जनः
कस्माज्जीवसि हे सखे विषकृमिन्यायेन जीवाम्यहम्।।९।।

हे विप्र हो ! भन, यस नगरमा को महान् छ ? तारका वृक्षका समूह। को दानशील छ ? धोबी, जो प्रातःकालमा कपड़ा लिएर साँझमा दिन्छ ? चतुरो को छ ? अर्काको धन र स्त्रीहरण गर्नमा सबै निपुण छन्। तब कसरी बाँच्दछौ ? हे मित्र ! विषको कीराको नियमले म बाँच्दछु ।।९।।

न विप्रपादोदककर्दमानि
न वेदशास्त्रध्वनिगर्जितानि।
स्वाहा स्वधाकारविवर्जितानि
श्मशानतुल्यानि गृहाणि तानि।।१०।।

जुन घरमा ब्राह्मणको चरणोदकले हिलो भएको छैन, जुन घरमा वेदशास्त्रको शब्दको ध्वनि गर्जन्न, जुन घर स्वाहा र स्वधाले हीन छ, त्यस घरलाई श्मशान समान संझे हुन्छ।।१०।।

सत्यं माता, पिता ज्ञानं, धर्मो भ्राता, दया सखा।
शान्तिः पत्नी, क्षमा पुत्रः षडेते मम बान्धवः।।११।।

सत्य मेरी माता, ज्ञान मेरा पिता, धर्म मेरो दाजु, दया मेरो मित्र, शान्ति मेरो पुत्र — यिनै छः मेरा बन्धु हुन्।।११।।

अनित्यानि शरीराणि विभवो नैव शाश्वतः।
नित्यं सन्निहितो मृत्युः कर्तव्यो धर्मसंग्रहः।।१२।।

यो शरीर अनित्य छ, धन पनि स्थिर छैन, मृत्यु सधैं निकटै छ, यसै कारणले हमेशा धर्मको संग्रह गर्नुपदर्छ।।१२।।

निमन्त्रणोत्सवा विप्राः गावो नवतृणोत्सवाः।
पत्युत्साहयुता भार्या अहं कृष्ण ! रणोत्सुकः।।१३।।

ब्राहमणहरु निमन्त्रणले, गाईहरु हरियो घाँसले, स्त्रीहरु पतिले रमाउँछन्, मचाहिं हे कृष्ण ! तुजुकिलो लड़ाइँमा उत्सुक छु।।१३।।

मातृवत्परदारेषु परद्रव्येषु लोष्टवत्।
आत्मवत्सर्वभूतेषु यः पश्यति स पण्डितः।।१४।।

अर्काकी स्त्रीलाई माता समान, अर्काको धनलाई माटो समान, सबै जीवहरुलाई आफ्नै समान जसले देख्दछ, त्यही पण्डित हो।।१४।।

धर्मे तत्परता मुखे मधुरता दाने समुत्साहता
मित्रेऽवञ्चकता गुरौ विनयता चित्तेऽतिगम्भीरता।
आचारे शुचिता गुणे रसिकता शास्त्रेषु विज्ञप्तृता
रूपे सुन्दरता शिवे भजनता त्वय्यस्ति वै राघव:।। १५ ।।

धर्ममा तत्परता, मुखमा मधुरता, दानमा अति उत्सुकता, मित्रमा निश्छलता, गुरुमा नम्रता, चित्तमा गम्भीरता, आचरणमा पवित्रता, गुणमा रसिकता, शास्त्रहरुमा विशेष ज्ञान, रुपमा सुन्दरता, शिवजीमा भक्ति. हे राघव ! यी सबै विशेषता हजूरमा नै छन्।। १५ ।।

काष्ठं कल्पतरु: सुमेरुरचलश्चिन्तामणि: प्रस्तर:
सूर्यस्तेजकर: शशी क्षयकर: क्षारो हि वारां निधि:।
कामो नष्टतनुर्बलिर्दितिसुतो नित्यं पशु: कामगौ -
र्जातास्ते तुलयामि भो रघुपत्ते कस्योपमा दीयते।। १६ ।।

कल्पवृक्ष काठ हो, सुमेरु पर्वत हो, चिन्तामणि पत्थर हो, सूर्यको किरण अत्यन्त उष्ण हो, चन्द्रमाको किरण क्षीणशील हो, समुद्र खारो हो, बलि दितिको पुत्र हो, कामदेव विनाशरीरको हो, कामधेनु सदा पशु नै हो, यसकारण यिनको म हजूरसँग तुलना गर्न सक्तिनँ, हे रघुपते ! तपाईंलाई छूट कसको उपमा दिन सकिन्छ र ।। १६ ।।

विद्या मित्रं प्रवासे च भार्या मित्रं गृहेषु च।
व्याधिस्तस्यौषधं मित्रं धर्मो मित्रं मृतस्य च।। १७ ।।

परदेशमा विद्या हित गर्छ, घरमा स्त्री मित्र हुन्छ, रोगले ग्रस्त पुरुषका हित गर्ने औषधि हुन्छ, मरेकाको मित्र धर्म हुन्छ।। १७ ।।

विनयं राजपुत्रेभ्यः पण्डितेभ्यः सुभाषितम् ।
अनृतं द्यूतकारेभ्यः स्त्रीभ्यः शिक्षेत कैतवम् ।। १८ ।।

नम्रता राजाका पुत्रहरुसित, सत्य वचन पण्डितसित, असत्य वचन जुवाड़ीहरुसित र छल स्त्रीसित सिक्नुपर्छ ।। १८ ।।

अनालोच्य व्ययं कर्ता अनाथः कलहप्रियः ।
आतुरः सर्वक्षेत्रेषु नरः शीघ्रं विनश्यति ।। १९ ।।

विचार नगरी खर्च गर्ने, विनाकारणको कलहमा प्रीति राख्ने, सबै जातका स्त्रीहरुसँग भोग विलास गर्नमा व्याकुल रहने मानिस शीघ्र नै नेष्ट हुन्छ ।। १९ ।।

नाहार चिन्तयेत्प्राज्ञो धर्ममेकं हि चिन्तयेत् ।
आहारो हि मनुष्याणां जन्मना सह जायते ।। २० ।।

बुद्धिमानले खानाको चिन्ता छोड़ेर केवल धर्मको चिन्ता गरोस् । किनकि आहार त मनुष्यको जन्मदेखि नै उत्पन्न हुन्छ ।। २० ।।

धनधान्यप्रयोगगेषु विद्यासंग्रहणे तथा ।
आहारे व्यवहारे च त्यक्तलज्जा सुखी भवेत् ।। २१ ।।

धनधान्यको आर्जनमा तथा विद्या सिक्नमा, खानपानमा र व्यवहारमा लज्जा त्याग्नाले सुखी हुन्छ ।। २१ ।।

जलविन्दुनिपातेन क्रमशः पूर्यते घटः ।
स हेतुः सर्वविद्यानां धर्मस्य च धनस्य च ।। २२ ।।

जलको एक एक बूँद (थोपा) चुहाउनाले घड़ा भरिन्छ, विद्या र धर्मको पनि त्यही कारण छ।। २२।।

वयसः परिणामेऽपि यः खलः खल एव सः।
सुपक्वमपि माधुर्यं नोपयातीन्द्रवारुणम्।। २३।।

जस्तै उमेर पुगेपछि पनि जो खल छ त्यो दुष्टै रहन्छ, अत्यन्त पाकेर गले पनि दुष्ट तीतो फल मीठो (गुलियो) हुँदैन।। २३।।

इति वृद्धचाणक्ये द्वादशोऽध्यायः।। १२।।

* * *

अथ त्रयोदशोऽध्याय:

मुहूर्तं जीवेच्चमपि नरः शुक्लेन कर्मणा।
न कल्पमपि कष्टेन लोकद्वयविरोधिना।।१।।

दुईचार घण्टै बाँचे पनि असल कर्मले मनुष्य बाँचोस्। यो लोक परलोक दुवैमा विरोधी कष्टदायी छुच्चोपनाले एक कल्पै बाँचे पनि सुख छैन ।।१।।

गते शोकं न कर्तव्यो भविष्यं नैव चिन्तयेत्।
वर्तमानेन कालेन प्रवर्तन्ते विचक्षणाः।।२।।

गइसकेका वस्तुको शोक नगर्नु, पछि के होला भन्ने चिन्ता पनि नगर्नू, पण्डितहरु जुन समय जस्तो पर्छ त्यस्तै व्यहोर्दछन्।।२।।

स्वभावेन हि तुष्यन्ति देवाः सत्पुरुषाः पिता।
ज्ञातयोऽश्नानपानाभ्यां वाक्यदानेन पण्डिताः।।३।।

देवता, उत्तम मनुष्यहरु र पिता स्वभावले नै सन्तुष्ट रहन्छन्, बन्धुहरु खान-पिनले र पण्डितहरु प्रिय वचनले मात्र सन्तुष्ट हुन्छन् ।।३।।

आयुः कर्म च वित्तञ्च विद्यां निधनमेव च।
पञ्चैतानि च सृज्यनो गर्भस्थस्यैव देहिनः।।४।।

आयु, कर्म, धन, विद्या र मरण यी पाँच थोक प्राणीका गर्भबाट नै सिर्जना हुन्छन्।।४।।

अहो वत विचित्राणि चरितानि महात्मनाम् ।
लक्ष्मी तृणाय मन्यन्ते तद्भारेण नमन्ति च ।। ५ ।।

आश्चर्य छ कि बड़ा मानिसको विचित्र स्वभाव हुन्छ, ती लक्ष्मीलाई तृण समान सम्झन्छन् । यदि प्राप्त भएमा पनि त्यसका भारले झुक्तछन् अर्थात नम्र हुन्छन् ।। ५ ।।

यस्य स्नेहो भयं तस्य स्नेहो दुःखस्य भाजनम् ।
स्नेहमूलानि दुःखानि ततत्यक्त्वा वसेत्सुखम् ।। ६ ।।

जसमा प्रीति छ उसैलाई भय छ, प्रीति दुःखको पात्र हो र प्रीति दुःखको कारण हो, यसैले त्यसलाई छोड़ेर सुखी रहनुपर्छ ।। ६ ।।

अनागतविधाता च प्रत्युत्पन्नमतिस्तथा ।
द्वावेतौ सुखमेधेते यद्भविष्यो विनश्यति ।। ७ ।।

आउन लागेको विपत्तिलाई पहिलेदेखि नै उपाय गर्ने, त्यस्तै नै आपत्ति आइगएपछि त्यसलाई निवारण गर्नको लागि शीघ्र नै उपाय सोच्ने बुद्धि यी दुवैले सुख बढ्दछ र जसले जो हो होला भन्दछ त्यसको विनाश हुन्छ ।। ७ ।।

राज्ञि धर्मिणि धर्मिष्ठाः पापे पापाः समे समाः ।
राजानमनुवर्तन्ते यथा राजा तथा प्रजाः ।। ८ ।।

राजा धर्मात्मा भए प्रजा पनि धर्मिष्ठ हुन्छन्, राजा पापी भए प्रजा पनि पापी नै हुन्छन्, राजा सम भए प्रजा पनि सम नै हुन्छन्, प्रजा राजाको अनुसारले व्यवहार गर्दछन् अर्थात् जस्तो राजा हुन्छ त्यस्तै प्रजा पनि

जीवन्तं मृतवन्मन्ये देहिनं धर्मवर्जितम् ।
यतो धर्मेण संयुक्तो दीर्घजीवी न संशयः ।। ९ ।।

धर्मरहित जीउँदोलाई पनि मृतसमान सम्झिन्छ, धर्मयुक्त मरेको पनि चिरंजीवी छ, यसमा सन्देह छैन ।। ९ ।।

धर्मार्थकाममोक्षाणां यस्यैकोऽपि न विद्यते ।
अजागलस्तनस्येव तस्य जन्म निरर्थकम् ।। १० ।।

धर्म, अर्थ काम र मोक्ष् यतिमा जसको यौटा पनि छैन त्यसको जन्म बाख्राको गलस्तन अर्थात् बाख्राको घाँटीको लुर्को जस्तै निरर्थक छ ।। १० ।।

दह्यमानाः सुतीव्रेण नीचाः परयशोऽग्निना ।
अशक्तास्तत्पदं गन्तुं ततो निन्दां प्रकुर्वते ।। ११ ।।

दुर्जन अर्काको कीर्ति देखेर दुस्सह अग्निले डढ्दछन्, किनकि उसको पद प्राप्त गर्नमा असमर्थ भएर उसको निन्दा गर्दछन् ।। ११ ।।

बन्धाय विषयासङ्गो मुक्ता निर्विषयं मनः ।
मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः ।। १२ ।।

विषय आदिमा आसक्त मन बन्धनको कारण हो, र विषयले रहित मन मोक्ष हो । मनुष्यको मन नै बन्धन र मोक्षको कारण हो ।। १२ ।।

देहाभिमाने गलिते ज्ञानेन परमात्मनः ।
यत्र यत्र मनो याति तत्र तत्र समाधयः ।। १३ ।।

परब्रह्मको ज्ञानले देहको अभिमान नष्ट भएपछि जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँ समाधि नै छ ।। १३ ।।

ईप्सितं मनसः सर्वं कस्य सम्पद्यते सुखम्।
दैवायत्तमतः सर्वंश तत्मात्सन्तोषमाश्रयेत्।। १४।।

मनको इच्छापूर्वक सबै सुख कसलाई प्राप्त छ? जब त्यो सबै दैवको वशमा छ, यसमा सन्तोषको नै आश्रय लिनुपर्छ।। १४।।

यथा धेनुसहस्रेषु वत्सो गच्छति मातरम्।
तथा यच्च कृतं कर्म कर्तारमनुगच्छति।। १५।।

जस्तै हजारौं गाईका बीचमा पनि बाछो आफ्नी माताका सँगमा जान्छ,त्यस्तै नै जो कर्म गरिन्छ त्यो गर्नेका साथ साथ नै जान्छ अर्थात् जो राम्रो नराम्रो कर्म गरिएको छ, त्यो गर्नेलाई नै मिल्छ।। १५।।

अनवस्थितचित्तस्य न जने न वने सुखम्।
जने दहति संसर्गाद्वने सङ्गविवर्जनात्।। १६।।

जसको चित्त स्थिर रहँदैन उसले न जनमा सुख पाउँछ न वनमा सुख पाउँछ, जनमा त्यसलाई संसर्ग गर्नाले जलाउँछ, वनमा सत्संगको अभावले जलाउँछ।। १६।।

खनित्रेण खनित्वैव भूतले वारि विन्दति।
तथा गुरुगतां विद्यां शुश्रूषुमधिगच्छति।। १७।।

जस्तै कोदालोले खनेर मनुष्य पाताल्को जल पाउँछ, त्यस्तै गुरु सेवाले गुरुमा रहेको विद्या प्राप्त हुन्छ।। १७।।

कर्मायत्तं फलं पुसां, बुद्धिः कर्मानुसारिणी।
तथापि सुधियश्चार्याः सुविचार्यैव कुर्वते।। १८।।

फल मनुष्यको कर्मको अधीनमा छ, बुद्धि कर्मको अनुसार नै चल्दछ तथापि विद्वान् र महात्माहरूले राम्रोसँग विचार गर्न सक्तछन् ।। १८ ।।

एकाक्षरप्रदातारं यो गुरुं नाभिवन्दते।
श्वानयोनिशतं भुक्त्वा चाण्डालेष्वभिजायते ।। १९ ।।

जो एउटै अक्षर पनि दिने गुरुको वन्दना गर्दैन त्यो कुकुरको सय योनि भोग गरेर चाण्डाल योनिमा जन्मन्छ ।। १९ ।।

युगान्ते प्रचलेन्मेरुः कल्पान्ते सप्त सागराः।
साधवः प्रतिपन्नार्था न चलन्ति कदाचन ।। २० ।।

युगका अन्त्यमा सुमेरु चलायमान हुन्छ, कल्पका अन्त्यमा सातै समुद्रहरू चलायमान हुन्छन्, तर साधुहरू स्वीकृत अर्थबाट कहिल्यै पनि विचलित हुँदैनन् ।। २० ।।

इति चाणक्यनीति त्रयोदशोऽध्यायः ।। १३ ।।

* * *

अथ चतुर्दशोऽध्यायः

पृथिव्यां त्रीणि रत्नानि जलमन्नं सुभाषितम्।
मूढैः पाषाणखण्डेषु रत्नखण्डेऽभिधीयते।।१।।

पृथ्वीमा जल, अन्न र प्रिय वचन यी तीन रत्न छन्। मूर्खहरूले पत्थरका टुक्रामा रत्नको गन्ती गरेका छन्।।१।।

आत्वापराधवृक्षस्य फलान्येतानि देहिनाम्।
दारिद्र्योरोगदुःखानि बन्धनव्यसनानि च।।२।।

प्राणीहरूको आफ्नू पापरूप वृक्षका दरिद्रता, रोग, दुःख, बन्धन र आपत्ति यी फल हुन्।।२।।

पुनर्वित्तं पुनर्मित्रं पुनर्भार्या पुनर्मही।
एतत्सर्वं पुनर्लभ्यं न शरीरँ पुनः पुनः।।३।।

धन, मित्र, स्त्री र पृथ्वी यी सबै बार-बार प्राप्त हुन्छन्, तर शरीर बार-बार मिल्दैन।।३।।

बहूनां चैव मन्चानां सयवामो रिपुञ्जयः।
वर्षाधारांधरो मेघस्तृणैरपि निवार्यते।।४।।

निश्चय छ कि धेरै मानिसको समुदाय शत्रुलाई जित्न सक्छ, जस्तै तृण समूहले पनि वृष्टिको धारालाई राख्ने मेघको निवारण गर्दछ।।४।।

जले तैलं खले गुह्यं पात्रे दानं मनागपि।
प्राज्ञं शास्त्रं स्वयं याति विस्तारं वस्तुशक्तितः।।५।।

जलमा तेल, दुर्जनसँग गुप्तवार्ता, सुपात्रमा दान, बुद्धिमानमा शास्त्र, थोरै भए पनि वस्तुको शक्तिले आफैंआफ विस्तार हुन्छ अर्थात् फैलिन्छ ।।५।।

धर्माख्याने श्मशाने च रोगिणां या मतिर्भवेत्।
सा सर्वदैव तिष्ठेच्चेत् को न मुच्येत बन्धनात्।।६।।

धर्म विषय कथामा, श्मशानमा, दु:खीहरूको जो बुद्धि उत्पन्न हुन्छ, त्यो नित्य बनिरहेदेखि को बन्धनबाट छुट्न सक्तैन र।।६।।

उत्पन्नपश्चात्तापस्य बुद्धिर्भवति यादृशी।
तादृशी यदि पूर्वं स्यात्कस्य न स्यान्महोदय:।।७।।

पश्चात्ताप गर्नेलाई जस्तो बुद्धि उत्पन्न हुन्छ त्यस्तो बुद्धि यदि पहिले नै भएदेखि कसलाई ठूलो सम्पत्ति हुने थिएन र।।७।।

दाने तपसि शौर्ये वा विज्ञाने विनये नये।
विस्मया न हि कर्तव्यो बहुरत्नवसुन्धरा।।८।।

दानमा, तपमा, शूरतामा, सुशीलता र नीतिमा आश्चर्य हुनु हुँदैन, यस कारण कि पृथ्वीमा धेरै रत्न छन्।।८।।

दूरस्थोऽपि न दूरस्थो
यो यस्य मनसि स्थित:।
यो यस्य हृदये नास्ति
समीपस्थोऽपि दूरग:।।९।।

जो जसका मनमा रहन्छ त्यो टाढ़ा रहे पनि टाढ़ा हुँदैन र जो जसका मनमा रहँदैन त्यो नजीकै भए पनि टाढ़ा नै छ।।९।।

यस्माच्च प्रियमिच्छेत् तु
तस्य ब्रूयात्सदाप्रियम्।
व्याधो मृगवधं कर्तुं
गीतं गायति सुस्वरम्।।१०।।

जसको प्रीतिको इच्छा छ, त्यससँग सदा प्रिय बोल्नुपर्छ, जस्तै व्याधा मृगका वधको निम्ति मधुर स्वरले गीत गाउँछ।।१०।।

अत्यासन्ना विनाशाय दूरस्था न फलप्रदा।
सेव्यतां मध्यभावेन राजा वह्निर्गुरुः स्त्रियः।।११।।

अत्यन्त निकट रहँदामा विनाशको कारण हुन्छ, टाड़ा रहनाले फल दिंदैन। यसकारण राजा, अग्नि गुरु, स्त्री यिनीहरूलाई मध्यावस्थाबाट सेवा गर्नुपर्दछ।।११।।

अग्निरापः स्त्रियो मूर्खः सर्पो राजकुलानि च।
नित्यं यत्नेन सेव्यानि सद्यः प्राणहराणि षट्।।१२।।

आगो, पानी, स्त्री, मूर्ख, साँप र राजाको कुल यिनीहरूलाई सदैव यत्नले सेवन गर्नुपर्दछ। यी छः नै शीघ्र प्राण हर्नेहरु हुन्।।१२।।

स जीवति गुणा यस्य, यस्य धर्मः स जीवति।
गुणधर्मविहीनस्य जीवितं निष्प्रयोजनम्।।१३।।

जसमा गुण छ त्यही जिउँदो छ, जसको धर्म छ त्यही जिउँदो छ, गुण र धर्मले रहित मनुष्यको जीवन व्यर्थ छ।।१३।।

यदीच्छसि वशीकर्तुं जगदेकेन कर्मणा।
पुरा पञ्चदशास्येभ्यो गां चरन्तीं निवारय।। १४।।

यदि एकै कर्मले जगतलाई वश गर्न चाहन्छौ भने पहिले पन्ध्रैवटा मुखबाट इन्द्रियलाई निवारण गर। तात्पर्य यो हो कि आँखा, कान, नाक, जिब्रो र त्वचा यी पाँच ज्ञानेन्द्रिय हुन्। शब्द, स्पर्श, रूप, रस, गन्ध यी पाँच ज्ञानेन्द्रियका विषय हुन्। यी पन्ध्रले मनलाई निवारण गर्नु उचित छ।।१४।।

प्रस्तावसदृशं वाक्यं,
प्रभावैः सदृशं प्रियम्।
आत्मशक्तिसमं कोपं
यो जानाति स पण्डितः।। १५।।

प्रसङ्ग सदृश वाक्य, प्रभावको सदृश प्रिय, आफ्नू शक्तिको अनुसार क्रोध यसलाई जसले जान्दछ त्यो पण्डित हो।।१५।।

एक एव पदार्थस्तु
त्रिधा भवति वीक्षितः।
कृपणं कामिनी मांसं
योगिभिः कामिभिःश्वभिः।। १६।।

एउटै वस्तु तीन प्रकारले देखिन्छ। योगीहरु त्यसलाई अति निन्दित मृतक रूपले, कामी पुरुष कान्तारूपले र कुकुर मासु रूपले देख्तछन्।।१६।।

सुसिद्धमौषधं धर्मं
गृहच्छिद्रं च मैथुनम्।
कुभुक्तं कुमृतं चैव
मतिमान् न प्रकाशयेत्।।१७।।

प्रसिद्ध औषधि, धर्म, घरको भेद, मैथुन, कुभोजन र कुमरण — यी छ: लाई बुद्धिमान् व्यक्तिले प्रकट गर्नु उचित छैन।।१७।।

तावन्मौनेन नीयन्ते कोकिलैश्चैव वासरा:।
यावत्सर्वजनानन्ददायिनी वाक् प्रवर्तते।।१८।।

त्यहींसम्म कोकिल मौन साधनले दिन बिताउँछ, जहाँसम्म सबै जनालाई आनन्द दिने वाणी प्रारम्भ हुँदैन।।१८।।

धर्मं धनं च धान्यञ्च गुरोर्वचनमौषधम्।
सुगृहीतञ्च कर्तव्यमन्यथा तु न जीवति।।१९।।

धर्म, धन, अन्न, गुरुको आज्ञा र औषधि राम्रोसित स्वीकार गर्नुपर्छ, जो यस्तो गर्दैन त्यो बाँच्दैन।।१९।।

त्यज दुर्जनसंसर्गं भज साधुसमागमम्।
कुरु पुण्यमहोरात्रं स्मर नित्यमनित्यताम्।।२०।।

दुर्जन (खल) को संगति छोड़, साधुको संगति स्वीकार गर, दिन-रात पुण्य गर्ने गर र ईश्वरको नित्य स्मरण गर, किनकि यो संसार अनित्य छ।।२०।।

इति चतुर्दशोऽध्यायः ।।१४।।

***

अथ पञ्चदशोऽध्याय

यस्य चित्तं द्रवीभूतं कृपया सर्वजन्तुषु।
तस्य ज्ञानेन मोक्षेण किं जटाभस्मलेपनैः।।१।।

जसको चित्त सबै प्राणीहरूमा दयाले पग्लिन्छ, त्यसलाई ज्ञानले, मोक्षले, जटाले र बिभूत लेपनले के गर्छ र।।१।।

एकमेवाक्षरं यस्तु गुरुः शिष्यं प्रबोधयेत्।
पृथिव्यां नास्ति तद् द्रव्यं यद्दत्वा चानृणी भवेत्।।२।।

जो गुरुले शिष्यलाई एउटै अक्षर मात्र उपदेश गर्दछ, त्यसबाट उत्तीर्ण हुने शिष्यले गुरुलाई दिने वस्तु यस संसारमा केही पनि छैन।।२।।

खलानां कण्टकानां च द्विविधैव प्रतिक्रिया।
उपानद्मुखभङ्गो वा दूरतो वा विसर्जनम्।।३।।

खल अर्थात् मूर्ख र काँढ़ा यिनको उपाय दुई प्रकारको मात्र छ, कि त जुत्ताले मुख तोड्नु कि टाढाबाट त्याग्नु।।३।।

कुचैलिनं दन्तमलोपधारिणं बह्वाशिनं निष्ठुरभाषिणं च।
सूर्योदये चास्तमिते शयानं विमुञ्चति श्रीर्यदि चक्रपाणिः।।४।।

मलिन अर्थात् मैलो वस्त्र भएकालाई, दाँतको मयल नफाल्नेलाई, धेरै भोजन गर्नेलाई, कटुभाषा अर्थात् नमीठो वचन बोल्नेलाई र सूर्य उदाउने अस्ताउने बेलामा सुत्नेलाई विष्णु नै भए पनि लक्ष्मीले त्याग्दछिन्।।४।।

त्यजन्ति मित्राणि धनैर्विहीनं
दाराश्च भृत्याश्च सुहृज्जनाश्च।
तं चार्थवन्तं पुनराश्रयन्ते ह्यर्थो
हि लोके पुरुषस्य बन्धुः ।। ५ ।।

मित्र, स्त्री, सेवक र बन्धु यी सबै धनले रहित पुरुषलाई छोड़िदिन्छन् र फेरि यदि त्यही धनी भयो भने त्यसै धनवानको फेरि आश्रय गर्दछन्। निश्चय छ कि धन नै पुरुषको संसारमा बन्धु हो ।। ५ ।।

अन्यायोपार्जितं द्रव्यं दशवर्षाणि तिष्ठति।
प्राप्ते चैकादशे वर्षे समूलं च विनश्यति।। ६ ।।

अन्यायले बटुलिएको धन दश वर्षसम्म रहन्छ र एघारौं वर्ष प्राप्त भएपछि मलसहित नष्ट हुन्छ, यसमा सन्देह छैन।। ६ ।।

आयुक्तं स्वामिनो युक्तं द्रव्यं नीचस्य दूषणम्।
अमृतं राहवे मृत्युर्विषं शङ्करभूषणम्।। ७।।

अयोग्य वस्तु पनि समर्थवानलाई योग्य हुन्छ, नीचलाई योग्य वस्तु पनि दूषण हुन्छ । अमृतले राहुको मृत्यु भयो, विष भगवान् शंकरको भूषण भयो।। ७।।

तदभोजनं यद्द्विजभुक्तशेषं
तत्सौहृदं यत् क्रियते परस्मिन्।
स बुद्धिमान् यो न करोति पापं
दम्भं विना यः क्रियते स धर्मः ।। ८ ।।

त्यही भोजन हो जो ब्राह्मणको भोजनबाट उब्रेको (बचेको) छ, जो अर्काको जाती हो त्यही मित्र हो, जसले पाप गर्दैन त्यही बुद्धिमान् हो, जो विनादम्भले दान गरिन्छ त्यही धर्म हो।। ८।।

मणिर्लुठति पादाग्रे काचः शिरसि धार्यते।
क्रयविक्रयवेलायां काचः काचो मणिर्मणिः।। ९।।

मणि गोड़ामा दलियोस्, काँच शिरमा धारण गरियोस्, तर क्रय विक्रय गर्ने वेलामा मणि मणि नै हुन्छ र काँच काँचै हुन्छ।। ९।।

अनन्तमस्त्रं बहुलश्च विद्याःअल्पश्च कालो बहुविघ्नता च।
यत्सारभूतं तदुपासनीयं हंसो यथा क्षीरपिवाम्बुमध्यात्।। १०।।

शास्त्र अपार छ र विद्या धेरै छन्, काल थोरै र बाधा धेरै छन्। यसकारण जो साररूपी छ त्यसलई लिनु योग्य छ। जस्तै हंस (हाँस) जलका मध्यबाट दूधलाई लिन्छ।। १०।।

दूरागतं पथि श्रान्तं वृथा च गृहमागतम्।
अनर्चयित्वा यो भुङ्क्ते स वै चाण्डाल उच्यते।। ११।।

टाढ़ाबाट आएकालाई, बाटो हिंड्दा हिंड्दा थाकेकालाई, निरर्थक घरमा आएकालाई, नपूजीकन जो खान्छ त्यही चाण्डाल भनिन्छ।। ११।।

पठन्ति चतुरो वेदान् धर्मशास्त्राण्यनेकशः।
आत्मानं नैव जानन्ति दर्वी पाकरसं यथा।। १२।।

चारै वेद र अनेक धर्मशास्त्र पढ्दछन्, तर आत्मालाई चिन्दैनन्; जस्तै डाडु सधै थोकको रसमा डुबिरहन्छ, तर स्वाद पाउँदैन।। १२।।

धन्या द्विजमया नौका विपरीता भवाऽर्णवे।
तरन्त्यधोगताः सर्वे उपरिस्ताः पतन्त्यधः।। १३।।

ब्राह्मणरुपी डुँगा प्रशंसा गर्न योग्य छ, संसाररुपी समुद्रमा यसको उल्टो रीति छ, यसमनि बस्ने मानिस अर्थात् ब्राह्मणसँग जो नम्र रहन्छ त्यही पार लाग्छ, जो नम्र हुँदैन त्यो नरकमा पर्छ।। १३।।

अयममृतनिधानश्चाग्रगोऽप्यौषधीना-
ममृतमयशरीरः कान्तियुक्तोऽपि चन्द्रः।
भवति विगतरश्मिर्मण्डलं प्राप्य भानोः
परसदननिविष्ठः को लघुत्वं न याति।। १४।।

अमृतको घर औषधिहरूका अधिपति तथा अमृतमय शरीर भएका कान्तियुक्त चन्द्रमा पनि सूर्यमण्डलमा गएपछि निस्तेज हुन्छन् भने अर्काको घरमा बसेर कसले लघुता पाउँदैन।। १४।।

अलिरयं नलिनीदलमध्यगःकमलिनीमकरन्दमदालसः।
विधिवशात्परदेशमुपागतः कुटजपुष्परसं बहु मन्यते।। १५।।

यो भँवरा कमलिनीका पातको मध्यमा कमलिनीका रसले अल्छी भइरहन्थ्यो । अब दैववश परदेशमा आएर अगस्तिका फूलको रसमा पनि मस्त छ।। १५।।

पीतः क्रुद्धेन तातश्चरणतलहतो वल्लभो येन रोषा
दाबाल्याद्विप्रवर्यैं स्ववदनविवरे धार्यते वैरिणी या।।

गेहं मे छेदयन्ति
प्रतिदिवसमुमाकान्तपूजानिमित्तं
तस्मात् खिन्ना सदैव द्विजकुलनिलयं
नाथ युक्तं त्यजामि ।। १६ ।।

अगस्तिले मेरा पितालाई पिइदिए, जसले क्रोध गरेर मेरा पतिलाई लात्तीले हानिदिए, जो श्रेष्ठ ब्राह्मण केटाकेटीदेखि आफ्ना मुख विवरमा मेरी वैरिणी (सरस्वती) लाई राख्दछन्, प्रतिदिन पार्वतीका पतिको पूजाका निम्ति मेरो गृह कमल फूल टिप्दछन् हे नाथ ! यसैकारण खिन्न भएर ब्राह्मणहरुका घरलाई म सदा त्याग्दछु, यो लक्ष्मीले भनेको हो ।। १६ ।।

बन्धनानि खलु सन्ति बहूनि
प्रेमरज्जुकृतबन्धनमन्यत्
दारुभेदनिपुणोऽपि षडङ्घ्रि-
र्निष्क्रियो भवति पंकजकोशे ।। १७ ।।

बन्धन ता धेरै छन् परन्तु प्रेमका डोरीको बन्धन बलियो हुन्छ, काठमा प्वाल पार्न सक्ने भए पनि भँवरा कमलका कोशमा बेकामे हुन्छ अर्थात् केही गर्न सक्तैन ।। १७ ।।

छिन्नोऽपि चन्दनतरुर्न जहाति गन्धम्
वृधोऽपि वारणपतिर्न जहाति लीलाम् ।
यन्त्रार्पितो मधुरतां न जहाति चेक्षुः
क्षीणो पि न त्यजति शीलगुणान् कुलीनः ।। १८ ।।

चन्दनको वृक्ष काटिएर पनि गन्ध आउन छाड्दैन, हात्ती बूढो भए पनि विलास छोड्दैन, ऊखु कोलमा पेले पनि मधुरता त्याग्दैन, कुलीन पुरुष दरिद्र भए पनि सुशीलताको गुण त्याग्दैन ।। १८ ।।

ऊर्व्यांकोऽपि महीधरो लघुतरो दोर्भ्यां धृतो लीलया
तेन त्वां दिवि भूतले च सततं गोबर्द्धनो गीयसे।
त्वां त्रैलोक्यधरं वहामि कुचयोरग्रेन तद् गण्यते।
किं वा केशव भाषणेन बहुना पुण्यैर्यशोलभ्यते।। १९ ।।

पृथ्वीमा कुनै अत्यन्त हलुको पर्वतलाई अनायास बाहुमा धारण गर्दा तपाई स्वर्ग र पृथ्वीतलमा सर्वथा गोवर्धनधारी कहिनुहुन्छ। तीनै लोकलाई धारण गर्ने भएका हजूरलाई म केवल कुचका अग्र भागमा धारण गर्दछु, यो केही गनिंदैन, हे केशव ! धेरै भनेर के गर्ने, पुण्यले मात्र यो यश पाइन्छ ।। १९ ।।

इति पञ्चदशोऽध्यायः ।। १५ ।।

* * *

अथ षोडशोऽध्याय:

न ध्यातं पदमीश्वरस्य विधिवत्संसारविच्छित्तये
स्वर्गद्वारकपाटपाटनपटुर्धर्मोऽपि नो पार्जित: ।
नारीपीनपयोधरोरुयुगलं स्वप्नेऽपि नालिङ्गिता
मातु: केवलमेव यौवनवनच्छेदे कुठारा वयम् ।।१।।

संसारबाट मुक्त हुनको लागि विधिवत् ईश्वरका पदको ध्यान मबाट केही भएन, स्वर्ग द्वारको ढोका खोल्न पनि समर्थ भइनँ, स्त्रीका दुवै स्तन र जंघाको आलिङ्गन स्वप्नमा पनि गरिनँ म केवल आफ्नी माताको यौवनरूपी वृक्षलाई काट्ने बञ्चरो मात्र भएँ अर्थात् माताको चढ्दो उमेर बिगार्न मात्र जन्मँदो भएँ ।।१।।

जल्पन्ति सार्द्धमन्येन पश्यन्त्यन्यं सविभ्रमा: ।
हृदये चिन्तयन्त्यन्यं न स्त्रीणामेकतो रति: ।।२।।

अर्काको साथ भाषण गर्दछे, अर्कालाई विह्वल भएर हेर्दछे, हृदयमा अर्काको चिन्ता गर्दछे, स्त्रीहरूको प्रीति कहिल्यै पनि एउटामा रहँदैन ।।२।।

यो मोहान्मन्मते मूढो रक्तेयं मयि कामिनी ।
स तस्या वशगो भूत्वा नृत्येत् क्रीडाशकुन्तवत् ।।३।।

जो मूर्ख विवेक नगरी यो सम्झन्छन् कि यो कामिनी मैमाथि प्रेम गर्दछे भन्ने विचार गर्छ त्यो मूर्ख त्यही स्त्रीका वशमा परेर खेलको पक्षीसमान नाचिरहन्छ ।।३।।

कोऽर्थान्प्राप्यनगर्वितो, विषयिणः कस्यापदोऽस्तंगतः
स्त्रीभिःकस्य न खण्डितंभुवमनःको नाम राजप्रियः।
कः कालस्य न गोचरत्वमगमत् कोऽर्थी गतो गौरवं
नो वा दुर्जनवागुरासु पतितः क्षेमेण यातः पथि।।४।।

धन पाएर अभिमान (गर्व) नगर्ने को भयो, कुन विषयीको विपत्ति नष्ट भयो, पृथ्वीमा कसको मनलाई स्त्रीहरूले खण्डित गरेनन् राजाको प्रिय को भयो, कालका वशमा को परेन, कुन याचक (माग्ने) ले गुरुता पायो, दुष्टतामा नपरेर संसारबाट कुशलतासँग को गयो।।४।।

न निर्मिता चैव न दृष्टपूर्वा न श्रूयते हेममयः कुरंगः।
तथापि तृष्णा रघुनन्दनस्य विनाषकाले विपरीतबुद्धिः।।५।।

सुनको मृग न कसैले पहिले रच्यो, न कसैले देख्यो र न कसैले सुन्यो,तरपनि रघुनन्दनलाई तृष्णा भयो, विनाशका समयमा बुद्धि विपरीत हुन्छ।।५।।

सुगुणैरुत्तमां यान्ति नोच्चैरासनसंस्थितैः।
प्रसादशिखरस्योऽपि काकः किं गरुडायते।।६।।

मनुष्य असल गुणहरूले उत्तमता पाउँछ, अग्लो आसनमा बसेर हुँदैन, के राजमहलको छानामा बस्नाले नै काग गरुड़ हुन्छ र ?।।६।।

गुणाः सर्वत्र पूज्यन्ते न महत्योऽपि सम्पदः।
पूर्णेन्दुः किं तथा वन्द्यो निष्कलङ्को यथा कृशः।।७।।

गुण सबै स्थानमा पुजिन्छ, न कि धेरै\ सम्पत्ति। पूर्णचन्द्र त्यस्तो वन्दनीय छैनन् जस्तो निष्कलङ्क द्वितीयाका दुब्ला चद्रमा हुन्छन्।।७।।

परस्तुतगुणो यस्तु निर्गुणोऽपि गुणी भवेत्।
इन्द्रोऽपि लघुतां याति स्वयं प्रख्यापितैर्गुणैः।। ८।।

जसका गुणको अर्काले वर्णन गर्दछन् त्यो निर्गुण भए पनि गुणवान् ठानिन्छ, इन्द्र पनि आफ्नो गुणको प्रशंसा आफै गर्नाले लघुतामा प्राप्त हुन्छन् ।। ८।।

विवेकिनमनुप्राप्ता गुणा यान्ति मनोज्ञताम्।
सुतरां रत्नमाभाति चामीकरनियोजितम्।। ९।।

विवेकीलाई पाएर गुण सुन्दरतामा प्राप्त हुन्छ। जस्तै सुनमा जड़िएको रत्न अत्यन्त शोभित हुन्छ।। ९।।

गुणैः सर्वज्ञतुल्योऽपि सीदत्येको निराश्रयः।
अनर्घमपि माणिक्यं हेमाश्रयमपेक्षते।। १०।।

गुणहरूले युक्त ईश्वरको समान पनि एक्लो निर्बल मनुष्यले दुःख पाउँछ। अनमोल माणिक्य पनि सुनको अवलम्बनको अपेक्षा गर्दछ, अर्थात् सुनमा जड़िनको अपेक्षा गर्दछ।। १०।।

अतिक्लेशेन ये अर्था धर्मस्यातिक्रमेण तु।
शत्रूणां प्रणिपातेन अर्थास्ते मा भवन्तु मे।। ११।।

जो धन अति दुःखले, धर्मका त्यागले, वैरीहरूको पाउ पर्नाले हुन्छ त्यो धन मेरो नहोस्।। ११।।

किं तया क्रियते लक्ष्म्या ते वधूरिव केवला।
या तु वेश्यैव सामान्या पथिकैरपि भुज्यते।। १२।।

त्यस सम्पत्तिले के हुन सक्छ, जो वधू समान दबिएको छ। जो साधारण वेश्याका समान छ त्यो पथिकहरूले पनि भोगिन्छ।। १२।।

धनेषु जीवितब्येषु स्त्रीपु चाऽहारकर्मसु।
अतृप्ताः प्राणिनः सर्वे याता यास्यन्ति यान्ति च।। १३।।

धन, जीवन, स्त्री र भोजनमा, सबै प्राणी अतृप्त भएर गए, जान्छन्, र जानेछन्।। १३।।

क्षीयन्ते सर्वदानादि यज्ञहोमबलिक्रियाः।
न क्षीयन्ते पात्रदानमभयं सर्वदेहिनाम्।। १४।।

दान, बलि, यज्ञ, होम यी सबै नष्ट हुन्छन, सत्पात्रलाई दिएको दान र सबै जीवलाई अभयदान — यी क्षीण हुँदैनन्।। १४।।

तृणं लघु तृणात् तूलँ तूलादपि च याचकः।
वायुना किन्न नीतोऽसौ मामयं याचयिष्यति।। १५।।

तृण सबैभन्दा हलुको हुन्छ, तृणभन्दा हलुङ्गो रुओ हुन्छ, रुओभन्दा हलुङ्गो याचक (माग्ने) हुन्छ। यसलाई वायुले किन लगेन त ? यसले मसँग पनि माँग्नेछ भन्ने डरले।। १५।।

वरं प्राणपरित्यागो मानभङ्गेन जीवनात्।
प्राणत्यागे क्षणं दुःखं मानभङ्गे दिने दिने।। १६।।

मानभङ्गपूर्वक जीउनुभन्दा प्राण त्याग्नु अर्थात् मृत्यु उत्तम छ, प्राणत्यागमा क्षणभर मात्र दुःख हुन्छ र मान-भङ्ग भएमा प्रतिदिन दुःख हुन्छ।। १६।।

प्रियवाक्यप्रदानेन सर्वे तुष्यन्ति जन्तवः।
तस्मात्तदेव वक्तव्यं वचने किं दरिद्रता।। १७।।

मीठो वचन बोल्नाले सबै सन्तुष्ट हुन्छन् यसैले त्यही बोल्नुपर्छ। वचनमा के दरिद्रता छ।। १७।।

संसारविषवृक्षस्य द्वे फले ह्यमृतोपमे।
सुभाषितं च सुस्वादं सङ्गतिः सुजनैः सह।। १८।।

संसाररूपी विष वृक्षमा, अमृत तुल्य दुईवटा फल छन्। सरस प्रिय वचन र सज्जनहरूको संगति।। १८।।

बहुजन्मसु चाभ्यस्तं दानमध्ययनं तपः।
तेनैवाभ्यासयोगेन देहि चाभ्यस्यते पुनः।। १९।।

धेरै जन्ममा अभ्यास गरेको दान दिनु, पढ्नु र तप गर्नुले तिनीहरूको अभ्यास गरिन्छ। त्यो अभ्यासको योगले त्यही अभ्यास फेरि फेरि गरिन्छ ।। १९।।

पुस्तकेषु च या विद्या परहस्तेषु यद्धनम्।
उत्पन्नेषु च कार्येषु न सा विद्या न तद्धनम्।। २०।।

जो विद्या पुस्तकमा रहन्छ, जो धन अर्काका हातमा रहन्छ, काम परेमा न त्यो विद्या हुन्छ, न त्यो धन हुन्छ।। २०।।

इति षोडशोऽध्यायः।। १६।।

***

अथ सप्तदशोऽध्याय।

पुस्तकप्रत्ययाधीतं नाधीतं गुरुसन्निधौ।
सभामध्ये न शोभन्ते जारगर्भा इव स्त्रियः।। १।।

जसले केवल पुस्तक मात्र हेरी आफै पढ्यो, गुरुसँग पढेन, त्यसले सभाका बीचमा व्यभिचारले गर्भवती भएका स्त्रीहरूको समान शोभा पाउँदैन ।। १।।

कृते प्रतिकृतिं कुर्यात् हिंसने प्रतिहिंसनम्।
तत्र दोषी न पतति दुष्टैदौष्ट्यं समाचरेत्।। २।।

उपकार गरेपछि प्रत्युपकार गर्नुपर्छ, मारेपछि मार्नुपर्छ। यसमा अपराध हुँदैन: किनभने दुष्टता गरेपछि दुष्टताकै आचरण गर्नु उचित छ।। २।।

यद्दूरं यद्दुराराध्यं यच्च दूरे व्यवस्थितम्।
तत्सर्वं तपसा साध्यं ततो हि दुरतिक्रमम्।। ३।।

जो टाढ़ा छ त्यसको आराधना हुन सक्तैन। जो टाढ़ा राखिएको छ त्यो सवै तपले सिद्ध हुन सक्तछ। त्यसैकारण तप सबैभन्दा प्रबल छ।। ३।।

लोभश्चेदगुणेन किं पिशुनता यद्यस्ति किं पातकैः
सत्यं चेत्तपसापि किं शुचिमनो यद्यस्ति तीर्थेन किम्।
सौजन्यं यदि किं गुणैः सुमहिमा यद्यस्ति किं मण्डलैः
सद्विद्या यदि किं धनैरपयशो यद्यस्ति किं मृत्युना।। ४।।

यदि लोभ छ भने अर्को दोष किन चाहियो ? यदि अर्काको चुग्ली लगाउने बानी छ भने पाप के चाहियो ? यदि सत्यता छ भने तपको के प्रयोजन छ ? यदि मन स्वच्छ छ भने तीर्थ किन चाहियो ? यदि सज्जनता छ भने अरु गुण किन चाहियो ? यदि महिमा छ भने गहना किन चाहियो ? यदि अपयश छ भने मृत्यु किन चाहियो ।।४।।

पिता-रत्नाकरो यस्य लक्ष्मीर्यस्य सहोदरी।
शङ्खो भिक्षाटनं कुर्यान्नादत्तमुपतिष्ठते।।५।।

जसका पिता रत्नका खानी समुद्र छन्, लक्ष्मी जसकी बहिनी छन् त्यस्तो शंख भिक्षा माँग्दछ। विधिले नदिएको पाइन्न भनेको साँचो नै हो ।।५।।

अशक्तस्तु भवेत्साधु ब्रह्मचारी च निर्धनः।
व्याधिष्ठो देवभक्तश्च वृद्धा नारी पतिव्रता।।६।।

शक्तिहीन साधु हुन्छ, निर्धनी ब्रह्मचारी हुन्छ, रोगग्रस्त देवताको भक्त हुन्छ र बूढी स्त्री पतिव्रता हुन्छे।।६।।

नान्नोदकसमं दान न तिथिर्द्वादशी समा।
न गायत्र्याः परो मंत्रो न मातुर्दैवतं परम्।।७।।

अन्न जल समान कुनै दान छैन, द्वादशी समान कुनै तिथि छैन, गायत्री समान अरु कुनै मन्त्र छैन, माता समान अरु कुनै देवता छैनन्।।७।।

तक्षकस्य विषं दन्ते मक्षिकायाः शिरो विषम्।
वृश्चिकस्य विषं पुच्छे सर्वाङ्गे दुर्जने विषम्।।८।।

साँपका दाँतमा विष हुन्छ, झीङ्गाको शिरमा विष हुन्छ, बिच्छीको पुच्छरमा विष हुन्छ, दुष्ट जनका सबै अङ्गमा विष भरिएको हुन्छ।।८।।

पत्युराज्ञां विना नारी उपोष्य व्रतचारिणी।
आयुराहरते भर्तुः सा नारी नरकं व्रजेत्।।९।।

पतिको आज्ञाविना व्रत गर्ने स्त्रीले स्वामीको आयुष्य हर्दछे, त्यो स्त्री आफू पनि नरकमा जान्छे।।९।।

न दानैः शुध्यते नारी उपवासशतैरपि।
न तीर्थसेवया तद्वद्भर्तुः पादोदकैर्यथा।।१०।।

न दानले, न सयकड़ौं उपवासले, न नीर्थको सेवन गर्नाले स्त्री त्यति शुद्ध हुन्छे, जति आफ्ना स्वामीको चरणोदकले शुद्ध हुन्छे।।१०।।

पादशेषं पीतशेषं सन्ध्याशेषं तथैव च।
श्वानमूत्रसमं तोयं पीत्वा चान्द्रायणं चरेत्।।११।।

पाउ धोएर बचेको जल, पिएर बचेको जल र त्यस्तै नै सन्ध्या गरी सकेर बचेको जल कुकुरको मूत्रको समान हुन्छ। यदि यसलाई कसैले पिउँदछ भने त्यसले चान्द्रायण व्रत गर्नुपर्छ।।११।।

दानेन पाणिर्न तु कङ्कणेन
स्नानेन शुद्धिर्न तु चन्दनेन।
मानेन तृप्तिर्न तु भोजनेन
ज्ञानेन मुक्तिर्न तु मण्डनेन।।१२।।

हात दानले शोभा पाउँछ, कङ्कण लाएर शोभित हुन्न, शरीर स्नान गर्नाले शुद्ध हुन्छ, चन्दन लगाएर हुँदैन, आदरले तृप्ति हुन्छ, भोजनले हुँदैन, ज्ञानले भक्ति हुन्छ, अलंकारले हुँदैन।। १२।।

नापितस्य गृहे क्षौरं पाषाणाद्गन्धलेपनम्।
आत्मरूपं जले पश्येच्छक्रस्यापि श्रियं हरेत्।। १३।।

नाउका घरमा गई केश मुण्डन गर्ने, चनौटाबाट झिक्दै चन्दन् लगाउने, आफ्नो रूप पानीमा हेर्ने जन, इन्द्रै भए तापनि त्यसको लक्ष्मीलाई यिनीहरु हर्दछन्।। १३।।

सद्यः बुद्धिहरा तुण्डी सद्यः प्रज्ञाकारी वचा।
सद्यः शक्तिहरा नारी सद्यः शक्तिकरं पयः।। १४।।

गोलकाँक्रीले चाँडै बुद्धि हरण गर्छ, बोझोले चाँडै बुद्धि दिन्छ, स्त्रीले चाँडै शक्ति हर्दछ र दूधले चाँडै बल दिन्छ।। १४।।

यदि रामा यदि च रमा यदि तनयो विनयगुणोपेतः।
तनये तनयोत्पत्तिः सुखामन्द्रे किमाधिकम्।। १५।।

यदि कान्ता छ, यदि लक्ष्मी, छन्, यदि असल गुणहरुले युक्त पुत्र छ, पुत्रको पनि पुत्र उत्पन्न भएको छ भने फेरि देवलोकमा योभन्दा अधिक आनन्द के हुन सक्छ।। १५।।

परोपकरणं येषां जागर्ति हृदये सताम्।
नश्यन्ति विपदस्तेषां सम्पदाः स्युः पदे पदे।। १६।।

जो सज्जनहरूका हृदयमा परोपकारको वास छ, तिनको विपत्ति नष्ट हुन्छ र सम्पत्ति पद पदमा बढ्दै जान्छ।। १६।।

आहारनिद्राभयमैथुनानि

समानि चैतानि नृणां पशूनाम् ।

ज्ञानं नराणामधिको विशेषो

ज्ञानेन हीनाः पशुभिः समानाः ।। १७ ।

भोजन, निद्रा, डर, मैथुन यी मनुष्य र पशुहरूमा समान छन् । मनुष्य केवल ज्ञानको विशेषता छ. ज्ञानले रहित मनुष्य पशु समान हो ।। १७ ।।

गन्धार्थिनो मधुकरा यदि कर्णतालै–

दूरीकृताः करिवरेण मदान्धबुद्ध्या

तत्रस्य गण्डयुगमण्डनहानिरेषा

भृङ्गः पुनर्विकचपद्मवने वसन्ति ।। १८ ।

यदि मदान्ध गजराजले गजमदको अर्थी भ्रमरालाई मदान्धताले का बेध गर्‍यो भने त्यो आफ्नो गण्डस्थलको शोभाहीन हुन्छ । ती भँवरा ता फे विकसित कमलवनमा बस्तछन् ।। १८ ।।

राजा वेश्या यमश्चाग्निः तस्करो बालयाचकौ ।

परदुःखं न जानन्ति अष्टमो ग्रामकण्टकः ।। १९ ।।

राजा, वेश्या, यम, अग्नि, चोर, बालक, याचक यी र आठ ग्रामकण्टक अर्थात् गाउँलेहरूलाई दुःख दिएर आफ्नो निर्वाह गर्ने अर्का दुःख जान्दैनन् ।। १९ ।।

अधः पश्यसि किं बाले पतितं तव किं भुवि ।

रे रे मूर्ख न जानासि गतं तारुण्यमौक्तिकम् ।। २० ।।